# माङसेबुङ गाउँपालिका
## इलाम

# गाउँसभाको १५ औं अधिवेशन

(२०८१ असार ०९ र १० गते)

को

# उपस्थिति, प्रस्ताव तथा निर्णयहरु

# माङसेबुङ गाउँपालिका
## इलाम

आज मिति : २०८१ असार ०९ गते आइतबारका दिन यस माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राईको अध्यक्षतामा बसेको गाउँसभाको १५ औं अधिवेशनको पहिलो बैठकमा देहायको उपस्थितिमा तपशील बमोजिमको प्रस्ताव उपर छलफल गरी तपशील बमोजिमको निर्णय गरियो :

उपस्थिति :

| क्र.सं. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्बाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | सदस्य | | |
| ४ | श्री कृष्ण बहादुर बस्नेत | सदस्य | | |
| ५ | श्री लक्षुमन राई | सदस्य | | |
| ६ | श्री नवीन लिम्बू | सदस्य | | |
| ७ | श्री नरेन्द्र कुमार राई | सदस्य | | |
| ८ | श्री प्रदिप साङपाङ | सदस्य | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | | |
| १२ | श्री पुनम साम्बाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री सिर्जना मगराती | सदस्य | | |
| १५ | श्री ठग बहादुर श्रेष्ठ | सदस्य | | |
| १६ | श्री मीन प्रसाद लिम्बू | सदस्य | | |
| १७ | श्री विष्णुमाया राना मगर | सदस्य | | |
| १८ | श्री मन कुमार लिम्बू | सदस्य | | |
| १९ | श्री मनि प्रसाद राई | सदस्य | | |

| क्र.सं. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| २० | श्री सुशिला सासंखर | सदस्य | शुशिला | |
| २१ | श्री देउमान साम्बा | सदस्य | [signature] | |
| २२ | श्री सूर्य कुमार राई | सदस्य | [signature] | |
| २३ | श्री कल्पना राई | सदस्य | [signature] | |
| २४ | श्री गोमा देवी वि. क. | सदस्य | गोमादेवी | |
| २५ | श्री टेकमान लिम्बू | सदस्य | [signature] | |
| २६ | श्री धन बहादुर राई | सदस्य | [signature] | |
| २७ | श्री तिलरुपा सवेहाङ | सदस्य | [signature] | |
| २८ | श्री गंगा माया विश्वकर्मा | सदस्य | [signature] | |
| २९ | श्री वीर बहादुर कुरुम्बाङ | सदस्य | [signature] | |
| ३० | श्री सुरेन्द्र तुम्बाहाम्फे लिम्बू | सदस्य | [signature] | |
| ३१ | श्री धन कुमारी विश्वकर्मा | सदस्य | | |
| ३२ | श्री खगेन्द्र खड्का | सदस्य | [signature] | |
| ३३ | श्री दिवस राई | सदस्य | [signature] | |
| ३४ | श्री विनोद कुमार चौहान | सचिव (प्र. प्र. अ.) | [signature] | |

माङसेबुङ गाउँपालिका, गाउँसभाको १५ औं अधिवेशनको पहिलो बैठक (२०८१/०३/०९) मा उपस्थित कर्मचारीहरु

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मनिमा भट्टराई | अधिकृत सातौं | |
| २ | श्री बुद्धि प्रसाद खतिवडा | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | |
| ३ | श्री प्रदीप कुमार राई | स्वास्थ्य शाखा प्रमुख | |
| ४ | श्री दिपेश कुमार दास | रोजगार संयोजक | |
| ५ | श्री मनोज ठगुन्ना | पशु सेवा शाखा प्रमुख | |
| ६ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | |
| ७ | श्री सुरज अधिकारी | कृषि अधिकृत | |
| ८ | टंक कुमार मगर | इन्जिनियर | |
| ९ | श्री युवराज दाहाल | अधिकृतस्तर छैटौं (प्राविधिक) | |
| १० | श्री पुष्कर कार्की | अधिकृतस्तर छैटौं (प्राविधिक) | |
| ११ | श्री राम दुलाल | सहायक पाँचौं, लेखा | |
| १२ | श्री उमेश खत्री | कम्प्युटर अपरेटर | |
| १३ | श्री युवराज खनाल | प्राविधिक सहायक, शिक्षा | |
| १४ | श्री माधव अधिकारी | अ. सब इन्जिनियर | |
| १५ | श्री हेमसागर घिमिरे | सहायक चौथौ | |
| १६ | श्री मन कुमार मगर | एम.आइ.एस. अपरेटर | |
| १७ | श्री सुरेश राई | रोजगार सहायक | |
| १८ | श्री चन्द्र बहादुर कार्की | प्राविधिक सहायक (प्र.म.रो.) | |
| १९ | श्री भेषराज भट्टराई | पशु स्वास्थ्य प्राविधिक | |
| २० | श्री प्रविण मुखिया | पशु स्वास्थ्य प्राविधिक | |
| २१ | श्री हेमन्त राई | अ. हे. व. | |
| २२ | श्री निरुपा राई | जे. टि. ए. (कृषि प्राविधिक) | |
| २३ | श्री गोमा गौतम | प्राविधिक सहायक (कृषि) | |
| २४ | श्री करणसिंह धामी | ना.प.से.प्रा. | |
| २५ | श्री लता चालिसे | स. म. वि. नि. | |
| २६ | प्रेम तामाङ | सहायक चौथो, प्रशासन | |

| | | | |
|---|---|---|---|
| २७ | श्री दिपेन्द्र बहादुर शाही | उद्यम विकास सहजकर्ता | |
| २८ | श्री प्रवेश लिम्बू | अमिन | |
| २९ | श्री चण्डिका लिम्बू | सि.बि.आर.एफ. | |
| ३० | श्री विपिन खुलाल | वित्तीय साक्षरता सहजकर्ता | |
| ३१ | श्री विद्या लिम्बू | मनोसामाजिक परामर्शकर्ता | |
| ३२ | श्री मनिहाङमा साम्बा | अपांगता सहायता सहजकर्ता | |
| ३३ | श्री अश्विन कार्की | सामाजिक परिचालक | |
| ३४ | श्री धन कुमार लिम्बू | रिटर्नी स्वयंसेवक | |
| ३५ | श्री ठगेन्द्र राना मगर | रिटर्नी स्वयंसेवक | |
| ३६ | श्री सन्तोष कुमार लिम्बू | रिटर्नी स्वयंसेवक | |
| ३७ | श्री प्रविन कुमार राई | हलुका सवारी चालक | |
| ३८ | श्री टेकराज बस्नेत | हलुका सवारी चालक | |
| ३९ | श्री डक बहादुर जोशी | कार्यालय सहयोगी | |
| ४० | श्री दिनेश लिम्बू | कार्यालय सहयोगी | |
| ४१ | श्री पुरण लिम्बू | कार्यालय सहयोगी | |
| ४२ | श्री प्रकाश कार्की | फिल्ड सहयोगी | |
| ४३ | श्री स्मरण [illegible] | सामाजिक परिचालक | |
| ४४ | श्री चिरञ्जिवी खत्री | सब-इन्जिनियर | |
| ४५ | श्री अम्बिका कुँवर सुवेदी | अ.सब इन्जिनियर | |
| ४६ | श्री रामशंकर न्यौपाने | प.स्वा.प्र. | |
| ४७ | प्रमिला विश्वकर्मा | [illegible] | |
| ४८ | राजेन्द्र राई | ओ.प | |

# माङसेबुङ गाउँपालिका
## इलाम

## गाउँसभाको १५ औं अधिवेशन

---

**स्थानः** गाउँपालिकाको सभाकक्ष, माङसेबुङ - २, इभाङ, इलाम

**सञ्चालक :** अध्यक्ष श्री हेमन्त राई

**बैठक मिति :** २०८१/०३/०९ गते आइतबार

**बैठक संख्या :** १

**प्रस्तावहरुः**

१. 'आ. व. २०८०/०८१ को नीति तथा कार्यक्रम' सम्वन्धमा ।

**निर्णयहरु :**

१. 'आ. व. २०८१/०८२ को नीति तथा कार्यक्रम' स्वीकृत गर्ने । (अनुसूची : १)

---

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम माङसेबुङ गाउँपालिका, गाउँसभाको १५ औं अधिवेशनको पहिलो बैठकबाट पारित भएको व्यहोरा माङसेबुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ (१) ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।*

..................

हेमन्त राई
(अध्यक्ष)
माङसेबुङ गाउँपालिका
इलाम

अनुसूची १

# माङसेबुङ गाउँपालिकाको गाउँसभाको १५ औं अधिवेशनमा

मिति २०८१ असार ९ गते अध्यक्ष हेमन्त राईले पेश गर्नुभएको आ. व. २०८१/०८२ को

## वार्षिक नीति तथा कार्यक्रम

**गाउँसभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु**

आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम स्थानीय सरकारको तर्फबाट यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा खुसी महसुस गरेको छु।

मुलुकमा संघीय लोकतन्त्रिक गणतन्त्रात्मक व्यवस्था स्थापनाका लागि विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै आन्दोलनको क्रममा अंगभंग तथा बेपत्ता भएकाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु। राष्ट्रियता र स्वधीनताको रक्षा गर्दै न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका महान नेपाली नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु।

**गाउँसभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु**

अब म आर्थिक वर्ष २०८१/८२ मा रोजगारी सृजना, सीप विकास, कृषिको व्यवसायीकरण, पूर्वाधारको स्तरोन्नती, सेवा प्रवाहमा सुधार हुने अपेक्षा गर्दै क्षेत्रगत नीति तथा कार्यक्रम पेश गर्न अनुमति चाहन्छु।

### १. सामाजिक विकास

**(क) शिक्षा**

१ सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी तथा बाल विकास कक्षामा कार्यरत सहयोगी कार्यकर्ताहरुलाई विगतवर्ष देखि प्रदान गरिंदै आएका सेवा सुविधाहरु निरन्तरता दिइने छ।

२ मातृभाषामा पठनपाठन गराउने सामुदायिक, धार्मिक वा वैकल्पिक विद्यालयहरुलाई मापदण्डका आधारमा कार्यक्रम अनुदान तथा मातृभाषा शिक्षक दरबन्दी अनुदान, कम्प्युटर प्रशिक्षक स्यमसेवक अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ। लिम्बू भाषा शिक्षक, राई बान्तवा भाषा शिक्षक र कम्प्युटर शिक्षकहरुलाई पोशाक भत्ताको व्यवस्था गरिनेछ।

३ गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न माध्यमिक विद्यालय शिक्षक दरबन्दी प्राप्त नभएका विद्यालयहरुमा गणित, विज्ञान र अंग्रेजी शिक्षक अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ।

४ सामुदायिक विद्यालय तथा धार्मिक वा वैकल्पिक विद्यालयहरुमा पठन पाठन हुने मातृभाषाको पाठ्यक्रम र पाठ्य पुस्तक तथा स्थानीय पाठ्यक्रम र पाठ्य पुस्तक निर्माणलाई निरन्तरता दिंदै सोको उपलब्धतालाई सहज बनाइनेछ साथै निर्माण भएको स्थानीय पाठ्य पुस्तक सबै विद्यालयहरुलाई उपलब्ध गराइने छ।

५ सामुदायिक विद्यालयमा विद्यार्थी संख्या वृद्धि गर्न, विद्यालयमा विद्यार्थी टिकाइ राख्न र विद्यालय बीचैमा छाड्ने विद्यार्थी दरलाई कम गर्न आधारभूत तहमा बालबालिका कक्षा ५ सम्म दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६ विद्यालयका छात्राहरुलाई नि:शुल्क उपलब्ध गराइने स्यानीटरी प्याड वितरण कार्यलाई निरन्तरता दिइनेछ।

७ विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण, पुस्तकालय व्यवस्थापन, शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग र विज्ञान प्रयोगशाला स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८ एक गाउँपालिका, एक प्राविधिक धार विद्यालय संचालनमा आवश्यक सहयोग गरिनेछ।

९ सबै माध्यमिक विद्यालयमा स्काउट विस्तार गरी प्रभावकारी बनाइनेछ।

१० सरस्वती मा वि मा प्रदेश नमुना माध्यमिक विद्यालय विकास कार्यक्रमलाइ निरन्तरता दिइनेछ।

११ सामुदायिक विद्यालयहरुबाट SEE परिक्षामा सर्वोकृष्ट नतिजा ल्याउने एक एक जना छात्र तथा छात्रा विद्यार्थीलाई इलाम जिल्लाको प्राविधिक (कृषि, पशु, सिभिल इन्जिनियरिङ र सर्भेयर ) विधामा अध्ययन गर्नको छात्रवृत्ति प्रदान गरिनेछ।

१२ माध्यमिक विद्यालय परीक्षा (SEE) लाई अझ व्यवस्थित, प्रभावकारी र नतिजा उन्मुख बनाउन SEE सहयोग कार्यक्रमलाई निरन्तरता दिन श्रोतको व्यवस्था गरिनेछ। साथै आधारभुत तह कक्षा ५ र कक्षा ८ को परीक्षा गाउँपालिका स्तरीय गर्न आवश्यक बजेटको व्यवस्थालाई निरन्तरता दिइनेछ।

१३ सामुदायिक विद्यालयमा विद्यार्थीहरुले प्राप्त गरेका सिकाई उपलब्धिका आधारमा शिक्षक, नतिजाका आधारमा विद्यालय तथा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई पुरस्कार र प्रोत्साहन गरिनेछ।

१४ शिक्षकहरुका पेशागत सिप विकासका लागि तालिमहरु संचालन गरिनेछ।

१५ विद्यालय अनुगमन सुपरीवेक्षण तथा पेशागत सहयोग कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गरिनेछ।

१६ सामुदायिक विद्यालयमा शिक्षक, विद्यार्थी र अभिभावकबीच सुमधुर सम्बन्ध बनाउन सरोकारवालाहरुबीच छलफल, अन्तरकृया, गोष्ठी जस्ता अभिभावक शिक्षा कार्यक्रमहरु सबै वडाहरुमा संचालन गरिनेछ।

१७ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका प्रतिभा पहिचान तथा विकासका लागि प्रतियोगिता कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१८ विद्यालय तहको खेलकूद विकासको लागि राष्ट्रपति रनिङ शिल्ड कार्यक्रमका लागि बजेटको व्यवस्था गरिनेछ।

१९ माङसेबुङ गाउँपालिका क्षेत्रभित्रमा स्थायी बसोबास गरी एम. बि. बि. एस. अध्यायन गर्ने विद्यार्थीलाई सम्मान तथा प्रोत्साहन गरिनेछ। यस कार्यक्रमका लागि बजेटको व्यवस्था गरिनेछ।

२० राई बान्तवा भाषाको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी बान्तवा राईको बाहुल्य रहेका विद्यालयहरुमा पठनपाठन सुरु गरी शिक्षक दरबन्दीको व्यवस्था गरिंदै लगिने छ।

२१ गाउँपालिका क्षेत्रका सामुदायिक विद्यालयका बालविकास कक्षाहरुलाई व्यवस्थित गर्न उचित बजेटको व्यवस्था गरिनेछ।

२२ अभिभावक शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२३ विद्यार्थी संख्याको आधारमा विद्यालयमा शिक्षक दरबन्दी मिलान गर्दै लगिने छ।

२४ सामुदायिक विद्यालयहरुमा सूचना प्रविधि सहयोग कार्यक्रम तथा संचालनमा नरहेका कम्प्युटर, डेक्सटप तथा प्रिन्टर मर्मत का लागि बजेटको व्यवस्था गरिनेछ।

२५ लोकसेवा तयारी कक्षा संचालनको लागि उचित बजेटको व्यवस्था गरिने छ।

२६ Skill of Friday लाई विद्यालयहरुमा लागू गरिनेछ। साथै विद्यालयहरुमा योग तथा साधनालाई अभ्यास गरिनेछ।

## ख) स्वास्थ्य

१. "सबैलाई सुलभ स्वास्थ्य सेवा" भन्ने मुल लक्ष्यका साथ गाउँपालिकामा १५ शैयाको अस्पताल सञ्चालनको लागि विस्तृत आयोजना प्रतिवेदन तयार तथा माङसेबुङ-३ मनिपुरमा जग्गा प्राप्ति समेत भईसकेको र अस्पताल निर्माणका लागि प्रक्रिया अघि बढिसकेकोले अस्पताल निर्माण कार्यलाई गति दिइनेछ।

२. संचालन भईरहेका स्वास्थ्य चौकीहरु र सामुदायिक स्वास्थ्य इकाइहरुलाई व्यवस्थित र प्रभावकारी ढंगले संचालन गर्दै लगिनेछ।

३. सामुदायिक स्वास्थ्य इकाइ र स्वास्थ्य चौकीहरुमा कार्यरत करार कर्मचारीहरुको पारिश्रमिक सुविधालाई गाउँपालिकामा उपलब्ध श्रोत साधन समेतका आधारमा निरन्तरता दिइने छ।

४. गाउँपालिकाको हरेक वडाका टोल तथा बस्तीहरुमा स्वास्थ्य सेवा उपलब्ध गराउन महत्वपूर्ण भूमिका खेल्ने महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई गाउँपालिकाले उपलब्ध गराएको प्रोत्साहन भत्ताको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५. स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता वृद्धि गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

६. प्रदेश सरकारसँगको साझेदारीमा सञ्चालन भईरहेको अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७. माङसेबुङ गाउँपालिकाभित्र रहेका सबै बर्थिङ सेन्टरहरुलाई सवलीकरण गरिनेछ।

८. गाउँपालिकाभित्रका गर्भवती महिलाहरुको ज्यान जोखिममा पर्न नदिन साथै नवजात शिशु तथा आमाको सुरक्षाका लागि गर्भवती महिलालाई स्रोत, साधन र सुविधासम्पन्न अस्पतालसम्म पुर्याउन गाउँपालिकाले उपलब्ध गराइरहेको नि:शुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

९. ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्तिप्रति श्रद्धा, आदर, सम्मान तथा सद्भावको अभिवृद्धि गर्नको लागि गाउँपालिकाभित्रका ज्येष्ठ नागरिक तथा अपांगता भएका व्यक्ति बिरामी भई अस्पताल जानुपर्ने अवस्था भएमा गाउँपालिकाले नि:शुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउनेछ।

१०. नवजात शिशु र आमाको पोषणका लागि सुनौलो हजार दिन कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

११. स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाइँदै लगिने छ।

१२. गाउँपालिकाभित्रका नागरिकहरुका लागि प्रोस्टेट ग्लान्ड सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१३. स्वास्थ्य संस्थाहरुमा रिक्त रहेको दरबन्दीहरुमा पदपूर्ति गरिनेछ।

१४. गाउँपालिकाभित्र बसोबास गर्ने मृत्यू भएका व्यक्तिका परिवारलाई दाहसंस्कार गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।

१५. गाउँपालिकाले उपलब्ध गराउँदै आएको एम्बुलेन्स सेवाको भाडा दरमा समयानुकूल समायोजन गरिने छ।

**ग) खानेपानी तथा सरसफाई**

१. खानेपानी योजनाहरुको संचालन र मर्मत संभार गर्दै जनतालाई स्वच्छ, सफा, गुणस्तरीय र दिगो रुपमा खानेपानी उपलब्ध गराउने साथै सरसफाईको उचित व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिइनेछ।

२. खानेपानीको स्रोत पहिचान गरी स्वच्छ र शुद्ध खानेपानीको परिपूर्तिको लागि तत्कालिन र दीर्घकालीन योजना निर्माण गरी एक घर एक धाराको अवधारणा कार्यान्वयन गर्न पहल गरिनेछ।

३. खानेपानीको स्रोत नभएको ठाउँमा स्रोतको सम्भाव्यता अध्ययन गरी वैकल्पिक उर्जालाई प्रयोग गरी सौर्य लिफ्टिङ खानेपानी आयोजना संचालन गरिनेछ।

४. सुक्खाग्रस्त क्षेत्र महाभारा डाँडा आसपासमा रहेको माङमालुङ बजार लगायतका क्षेत्रहरुमा स्वच्छ खानेपानीको प्रबन्ध गरिनेछ।

**(घ) कला, भाषा तथा संस्कृति प्रवर्द्धन**

१. माङसेबुङ गाउँपालिकाभित्र मातृभाषाहरुको संरक्षण र प्रवर्द्धन गर्ने कार्य गरिनेछ।

२. आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा गाउँपालिकामा किराँत लिम्बू भाषालाई 'सरकारी कामकाजी भाषा' घोषणा गरी लिपिको हकमा किरात सिरिजंगा लिपि प्रयोग गर्ने घोषणा गरिए अनुसार गाउँपालिकामा एक जना लिम्बू भाषाको भाषिक कर्मचारी नियुक्ति गरी कार्य सञ्चालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

३. गाउँपालिकामा ३७ प्रतिशत किरात राई जातीको बसोबास रहेको कुरालाई मध्यनजर गर्दै गाउँपालिकामा बान्तावा भाषालाई समेत 'सरकारी कामकाजी भाषा' घोषणा गरिएको छ। जसका लागि गाउँपालिकामा एक जना बान्तवा भाषिक कर्मचारी नियुक्ति गरी कार्य सञ्चालन गरिनेछ।

४. गाउँपालिकामा रहेका सम्पूर्ण जात जातिको भाषा, धर्म, लिपि र संस्कृतिलाई समान रुपमा संरक्षण, सम्बर्द्धन र विकास गर्ने नीति अवलम्बन गरिनेछ। धार्मिक समुदायहरुको विशेष स्थान मठ मन्दिर, माङहिम, गुम्बा, चर्च, सेमीचोङ आदि संरक्षणलाई प्राथमिकता दिइनेछ। सामूहिक चुलाखिम, गाउँपालिकास्तरीय माङखिम, साकेला थान निर्माण गरी संरक्षण गर्ने नीति लिइनेछ।

५. यस गाउँपालिकामा जन्म लिई समाजमा विशेष योगदान गर्नुहुने राष्ट्रिय व्यक्तित्व तथा १६ औं राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दज्यूको नाममा बृहत साँस्कृतिक फाल्गुनन्द पार्कको लागि जग्गा प्राप्तिको प्रक्रिया अघि बढिसकेकोमा सो पार्क निर्माण कार्यलाई तीब्रता दिइनेछ। हरेक वर्षको कार्तिक २५ गते फाल्गुनन्द जयन्ती मनाइँदै आइएको र सो दिन माङसेबुङ गाउँपालिका क्षेत्रभित्र पशुपंक्षी समेत बध नगर्ने गरी उक्त दिनलाई 'अहिंसा दिवस' का रुपमा समेत मनाइनेछ।

६. लोपोन्मुख मौलिक बाजा लगायत विभिन्न मौलिक भाषा तथा संस्कृति संरक्षणको लागि आवश्यक पहल गरिनेछ।

७. भाषा, संस्कार, संस्कृति, साहित्य र कलाको विकास गर्नका लागि गाउँपालिकास्तरीय 'माङसेबुङ प्रज्ञा प्रतिष्ठान' गठन गरिनेछ। साथै प्रतिष्ठानको आयोजनामा बहुभाषिक साहित्यिक गोष्ठी तथा सम्मान कार्यक्रमहरु सञ्चालन गरिनेछ। जसका लागि बजेटको व्यवस्था गरिनेछ।

८. माङमालुङ धार्मिक पर्यटकीय क्षेत्रको विकास र प्रचार गर्न ऐन निर्माण गरी गाउँपालिकास्तरीय 'माङमालुङ धार्मिक पर्यटन विकास समिति' गठन गरिनेछ।

९. घाट तथा समाधिस्थलहरुलाई व्यवस्थित गर्दै लगिनेछ।

**(ङ) खेलकुद, युवा तथा रोजगारी**

१. युवाहरुले वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यताको अन्त्य गर्न युवाहरुलाई सीपमूलक तथा आयमूलक तालिम प्रदान गरिनेछ।

२. राष्ट्रिय युवा नीतिका आधारमा स्थानीय कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

३. ढोलटार खेलमैदानलाई गाउँपालिका स्तरीय खेलमैदानको रुपमा स्तरोन्नती गर्दै लगिनेछ साथै गाउँपालिकाका हरेक वडाहरुमा सम्भाव्यताको आधारमा राष्ट्रिय मापदण्डयुक्त 'एक वडा एक खेलमैदान' निर्माण गर्ने नीति लिइनेछ।

४. खेलाडी उत्पादन, खेलाडी तथा खेलको स्तरोन्नतीको लागि नियमित प्रतियोगिताहरु संचालन गर्ने व्यवस्था मिलाईने छ।

५. खेलकुद विकासको लागि गठन गरिएको गाउँपालिकास्तरीय माङसेबुङ युवा तथा खेलकुद विकास समितिको सबलीकरण गरिने छ।
६. सेइङ आत्मानन्द लिङदेनज्युको जन्मोत्सव र सेइङ पवित्रहाङमा साम्बा लिङदेनज्यूको जन्मोत्सवको अवसरमा संचालन हुने गोल्ड कपका लागि सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
७. विभिन्न खेलकूद प्रतियोगिता संचालनको लागि सम्भाव्यताको आधारमा मापदण्डयुक्त खेलमैदान, कभर्डहल, रंगशाला लगायतमा आवश्यक भौतिक पूर्वाधारको निर्माण र सुव्यवस्थित संचालनका लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ।
८. रोजगार सृजना गर्न युवालाई लक्षित गरी व्यवसायिक, सीपमुलक, रोजगारमुलक तालिम तथा कार्यक्रमहरु संचालन गरिनेछ।
९. गाउँपालिकाका सबै वडाहरुमा युवा क्लबको गठन गरी विपद व्यवस्थापन तथा स्वयंसेवकीय कार्य र सामाजिक जागरणका अभियानहरुमा युवा परिचालन गरिनेछ।
१०. वैदेशिक रोजगारीबाट फर्केका र अन्य बेरोजगार युवाहरुलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरी सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि सहजीकरण गर्दै स्वरोजगार र रोजगारीका थप अवसरहरुको सृजना गरिनेछ।
११. युवा सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनका सन्दर्भमा राष्ट्रिय युवा परिषद र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ।
१२. गाउँपालिकाद्वारा संचालित वडास्तरीय महिला तथा पुरूष फुटबल प्रतियोगितालाई निरन्तरता दिइनेछ। साथै कराते, ब्याडमिन्टन, भलिबल बुद्धिचाल खेललाई पनि समावेश गरी खेलकूद कार्यक्रम सञ्चालन गरिनेछ।

**च) लक्षित समुह**

१. आदिवासी जनजातिको उत्थान तथा विकासको लागि गाउँपालिकास्तरीय आदिवासी जनजाति समन्वय समितिलाई पूर्णता दिइनेछ।
२. आदिवासी जनजातिको ऐतिहासिक थात्थलोमा प्राकृतिक स्रोत र साधनमा आश्रित आदिवासी जनजातिको उपभोग अधिकार, कानुनी सुरक्षा, प्राकृतिक स्रोतको दोहन गर्नुअघि पूर्व सहमति र लाभको न्यायोचित बाँडफाँडको हकलाई सुरक्षित गरिनेछ।
३. आदिवासी जनजातिको जीवनस्तर उकास्नका लागि सीपमूलक तालिम तथा कृषि सम्बन्धी नयाँ प्रविधिको अनुदान कार्यक्रम संचालन गरिनेछ।
४. महिलाको उत्थान तथा विकासको लागि माङसेबुङ गाउँपालिकास्तरीय महिला समन्वय समिति गठन गरिएको छ। सो गाउँपालिकास्तरीय महिला समन्वय समितिबाट महिलाको अधिकार र विकास सम्बन्धी नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गरिनेछ।
५. दलित सामुदायको उत्थान र विकासको लागि गाउँपालिकास्तरीय दलित समन्वय समिति गठन गरिनेछ। सो समितिले प्रचलित कानुनको अधीनमा रही दलित सामुदायको अधिकार र विकास सम्बन्धी नीति तथा कार्यक्रम सामाजिक समवेशिताको आधारमा तयार गरी लागू गर्नेछ ।
६. अपाङ्गता सम्बन्धी संस्थागत क्षमता विकास, शारीरिक पुनःस्थापना, स्वास्थ्य शिविर, बौद्धिक अपांगता सशक्तीकरण, अपांगता पुनःस्थापना केन्द्र संचालन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।
७. अपांगता भएका वर्गका लागि आर्थिक सशक्तीकरणका कार्यक्रमहरु संचालन गरिनेछ।
८. गाउँपालिकाबाट अपांगता परिचयपत्र सरल र सहज ढंगबाट उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ।
९. अपांगता भएका व्यक्तिहरुको आवश्यकता पहिचान गरी सहायक सामाग्रीहरु वितरण गरिनेछ।
१०. बाल क्लब र बाल संजाललाई सशक्त बनाई बालबालिकाहरुको हकहित र अधिकारको संरक्षण र प्रवर्द्धन हुने कार्यक्रम संचालन गरिनेछ।
११. जोखिममा परेका ज्येष्ठ नागरिकहरुलाई लक्ष्यित गरी विशेष कार्यक्रम संचालन गर्ने नीति अवलम्बन गरिनेछ।
१२. सरकारी, गैरसरकारी, सहकारी, निजी तथा स्थानीय संघ संस्थाहरुको समन्वय र सहकार्यमा ज्येष्ठ नागरिक स्वास्थ्य सुरक्षा राहत कोष स्थापना गर्न पहल गरिनेछ।
१३. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाईहरुबाट हुने सार्वजनिक सेवा प्रवाहमा ज्येष्ठ नागरिकहरुलाई अग्राधिकार दिने र निजी क्षेत्रलाई समेत यसमा प्रोत्साहन गर्ने व्यवस्था अवलम्बन गरिनेछ।
१४. लक्षित समुहहरुको मागमा आधारित कार्यक्रम संचालन गर्न साथै उल्लेखित कार्यहरुका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ।
१५. माङसेबुङ जेष्ठ नागरिक सम्मान प्रतिष्ठान गठन गरिनेछ।

**छ) सामाजिक सुरक्षा तथा संरक्षण**

१. वैदेशिक रोजगारीबाट फर्किएका तथा बेरोजगारमा सूचीकृत युवाहरुलाई लक्षित गरी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना र सीप सहितको युवा रोजगारका लागि रुपान्तरण पहल आयोजना संचालन गरिनेछ।

२. सुरक्षित आप्रावासन कार्यक्रम अन्तर्गत मनोसामाजिक परामर्श, वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ। यस कार्यक्रमका लागि प्राप्त हुने संघीय सशर्त अनुदानमा गाउँपालिकाले आवश्यक रकम थप गर्नेछ।

३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गतका कार्यक्रमहरु संचालनका लागि संघीय शसर्त अनुदानमा आवश्यक रकम प्राप्त हुनेछ।

**गाउँ सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु**

**२. आर्थिक विकास**

**क) कृषि तथा पशु विकासः**

१. परम्परागत खेती, कन्दमुल खेतीलाई प्रोत्साहन गरिनेछ। जसका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

२. कृषिको उत्पादनको लागत घटाउन, व्यवसायिक बनाउन, प्रतिस्पर्धी बनाउन यान्त्रीकरणमा जोड दिइनेछ।

३. कृषक समुह दर्ता, कृषि सहकारी, कृषि उद्यमी तथा मल बीउ बिषादि बिक्रेताको सूचीकरण तथा अभिलेखीकरण गरिनेछ।

४. कृषकहरुलाई बिषादि प्रयोगमा न्यूनीकरण गरी जैविक मल प्रयोग गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ। जसका लागि आवश्यक तालिमहरुको आयोजना गरिनेछ।

५. कृषिलाई आधुनिकीकरण गर्नका लागि साझेदारीमा प्लास्टिक टनेल/ प्लास्टिक मल्चिङ/ कृषि यान्त्रीकरण/ उन्नत जातको बिउ वितरण लगायतको कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ। जसका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

६. साना तथा सीमान्तकृत, भूमिहिन किसान लक्ष्यित जिविकोपार्जन कार्यक्रम संचालन गरिनेछ।

७. कृषक समुह, कृषि सहकारी समेतको सहभागितामा स्थानीय उत्पादन संकलन तथा बजारीकरणको संयन्त्र विकास गरिनेछ।

८. बाली तथा पशु स्वास्थ्य बिमा कार्यक्रममा सहभागी हुन किसानलाई प्रोत्साहित गरिनेछ।

९. कृषि उपजको उत्पादन सघनतालाई ध्यानमा राखेर कृषि तथा पशुपालन पकेट कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण, कृषि एवं पशुजन्य उद्योगको स्थापना एवं क्षमता विकासका लागि लगानी गर्न चाहने कृषक र उद्यमीहरुका लागि वित्तीय पहुँचमा वृद्धि गर्न सरकारी, गैरसरकारी, सहकारी, निजी क्षेत्र तथा वित्तीय संस्थाहरुसँग समन्वय र साझेदारी गरिनेछ।

११. गाउँपालिकामा उत्पादित चिया, अलैंची, अदुवा, जडिबुटी, दुग्धजन्य पदार्थ, फलफूल लगायतका नगदेबालीहरुको बजारमा पहुँच वृद्धि तथा बजार विस्तारका लागि सरोकारवालाहरुसँग समन्वय गरिनेछ।

१२. कृषिमा नयाँ व्यवसायको नमुना कार्यक्रमहरु सञ्चालन गरी युवाहरुलाई उत्पादन संस्कृतिमा जोड्न अधिकतम प्रयत्न गरिने छ।

१३. कृषि उत्पादनको उचित भण्डारण गर्नको लागि संघीय सरकार, प्रदेश सरकार र निजी क्षेत्रसँग सहकार्य तथा समन्वय गरी 'एक गाउँपालिका एक शीत भण्डार' र दूध चिस्यान केन्द्र निर्माण गर्न पहल गरिनेछ।

१४. पशुपालन व्यवसायलाई पूर्ण व्यवसायिक बनाउन कृत्रिम गर्भधानद्वारा नश्ल सुधारका लागि सेक्स सिमेन लगायतका उन्नत जातका सिमेन कृषकहरुलाई उपब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

१५. तरकारी, फलफूल तथा पशुधनको बजार संचालन गर्न कृषि बजार पूर्वाधार निर्माण गरिनेछ। कृषकहरुको उत्पादनलाई सहज ढंगले बजार व्यवस्था गर्न 'एक वडा एक हाट बजार' योजना संचालनमा पहल गरिनेछ।

१६. कृषि विकास कार्यक्रम बढीमा ५० प्रतिशत लागत साझेदारी, प्रवर्द्धन कार्यक्रमहरु (फलफूल खेती, तरकारी खेती, पशुपालन) मा शत प्रतिशत साझेदारी, कृषि तथ्यांक व्यस्थापन र कृषक सूचीकरण तथा दर्ता कार्यक्रममा शत प्रतिशत साझेदारी र अन्य कार्यक्रमको हकमा परियोजनाको लागतको प्रकृती अनुसार बढीमा ५० प्रतिशत लागत साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ।

१७. गाई पकेट कार्यक्रमलाई व्यवस्थित र व्यवसायिक बनाउनका लागि उन्नत जातको घाँस उत्पादन गर्ने निजी कृषि फर्म, कृषक समुह तथा कृषि सहकारीहरूसँग समन्वय गरी वितरण कार्यलाई निरन्तरता दिइनेछ।

१८. 'एक पालिका एक उत्पादन कार्यक्रम' साझेदारीमा सञ्चालन गर्न प्रदेश सरकारसँग समन्वय गरिनेछ।

१९. कृषि एम्बुलेन्स संचालन गरी उत्पादित कृषि तथा पशुजन्य सामाग्रीहरुको बजारीकरणलाई प्रवर्द्धन गरिने छ।

२०. रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२१. अकबरे खोर्सानी खेतीलाई प्रोत्साहन गरी पकेट क्षेत्रका रुपमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

(ख) पर्यटन

१. गाउँपालिकाका प्रमुख पर्यटकीय आर्कषक गन्तव्यहरुको आन्तरिक तथा बाह्य पर्यटन बजारमा बजारीकरणका लागि देशका मुख्य पर्यटकीय केन्द्रहरुमा माङसेबुङ डेस्कको स्थापना गर्न निजी क्षेत्र, सामुदायिक क्षेत्र, अन्य स्थानीय तह र सरकारी निकायसँग समन्वय र साझेदारी गर्ने नीति लिईनेछ ।

२. माङसेबुङ गाउँपालिकामा रहेका ऐतिहासिक, सांस्कृतिक एवं धार्मिक महत्वका क्षेत्रहरु गजुरमुखीधाम, माङसेबुङ, माङमालुङको गुरुयोजना निर्माण कार्य सम्पन्न भईसकेको हुनाले उक्त गुरुयोजना कार्यान्वयन गर्न प्रदेश सरकार, संघीय सरकारसँग लागत साझेदारी कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

३. गाउँपालिकाभित्रका अन्य राष्ट्रिय महत्व राख्ने राष्ट्रिय विभूति महागुरु फाल्गुनन्दको जन्मस्थल चुक्चिनम्बा, विराटज्योति माङहिम, अन्धाराजा अन्धारानी, पाङबुहाङ गुफा, ढ्याङगुरे डाँडा, खराने थुम्का, घोर्लेभीर, तारेभीर, फुलुंगी, खत्रप्पा जस्ता पर्यटकीय क्षेत्रहरुमा पूर्वाधार सहितको विभिन्न पर्यटकीय सर्किट तथा संजालहरुको विकास गर्न गुरुयोजना निर्माण तथा विस्तृत आयोजना प्रतिवेदन तयार गरी प्रदेश सरकार, संघीय सरकार, निजी क्षेत्र र बाह्य लगानीलाई प्रोत्साहन गरी पूर्ण सुविधायुक्त पर्यटकीय स्थलहरुको विकास गर्दै लगिनेछ । गजुरमुखीधाम, माङसेबुङ, माङमालुङ, विराटज्योति माङहिमलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न पहल गरिनेछ ।

४. किरात धर्माबलम्बीहरुको आस्थाको केन्द्र माङसेबुङलाई किराँत धार्मिक क्षेत्रको रुपमा साझेदारीमा विकास गर्न संघीय र प्रदेश सरकारसँग पहल गरिनेछ ।

५. साहसिक खेल रक क्लाइम्बिङको लागि घोर्लेभीर, तारेभीर तथा प्याराग्लाइडिङ्गको चतुरेदेखि लारुम्बा, नावालुङदेखि गजुरमुखीधाम, उत्तरेदेखि रतुवाबेसी, तीनथुम्कीदेखि चतुरे आदिको सम्भाव्यता अध्ययन गरी सञ्चालन गर्न निजी क्षेत्रसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

६. ग्रामीण पर्यटन प्रवर्द्धन निम्ति सामूहिक घरबास (Home Stay) तथा सामुदायिक आवास व्यवस्थापनका लागि प्राविधिक सहयोग र तालिमको व्यवस्था गरी सेवाको गुणस्तर वृद्धि गरिनेछ ।

७. किरात धर्म गुरुज्यूको आश्राम लारुम्बा क्षेत्र, खत्रक्पा, फुलुङ्गी, चुक्चिनम्बा, अगौटे, गजुरमुखीधाम, माङमालुङ धार्मिक तथा पर्यटकीय क्षेत्रहरुको विकासको लागि प्रदेश सरकार, सङ्घीय सरकार तथा दातृ निकायहरुसँग सहकार्य समन्वय गरिनेछ । माङसेबुङको लारुम्बा क्षेत्र वृहत्तर विकासका लागि दातृ निकाय स्वीस सरकारसँग समन्वय गरिनेछ ।

८. धार्मिक तथा पर्यटकीय क्षेत्र माङमालुङलाई सुनाखरी क्षेत्रको रुपमा विकास गर्न सरोकारवाला, विभिन्न सङ्घ संस्थाहरु तथा व्यक्तिहरुसँगको सहकार्यमा सुनाखरी फुल रोपन गर्ने नीति लिइनेछ ।

९. गजुरमुखीधाम, माङमालुङधामको विकासको लागि सरोकारवालाहरुसँग छलफल गरी धार्मिक पर्यटकीय क्षेत्र विकास ऐन निर्माण गरी गाउँपालिकाको स्वामित्वमा ल्याउन पहल गरिनेछ ।

१०. माङमालुङ बन क्षेत्रलाई सामूदायीक वन उपभोक्ता समितिको अवधारणामा लगि ब्यवस्थित गरिने छ ।

(ग) सहकारी

१. विकासको एक प्रमुख साझेदारको रुपमा विकास भएको सहकारी क्षेत्रको लागि गाउँपालिकामा सहकारी समन्वय समिति गठन गरिनेछ ।

२. अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रको सुशासन कायम गरिनेछ ।

३. सहकारी क्षेत्रको प्रवर्द्धन र विकासका लागि सबैखाले सहकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सहकारी तथा बचत समूहहरुलाई क्रियाशिल बनाई व्यवस्थित बनाइनेछ ।

५. सहकारी संस्था, जल उपभोक्ता समिति, खानेपानी उपभोक्ता समिति, निजी खानेपानी, संघसंस्था आदिलाई नियमानुसार वडा वा पालिकामा दर्ता तथा नवीकरण गर्न आवश्यक पहल गरिनेछ ।

(घ) उद्योग

१. लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनका लागि उद्योग प्रवर्द्धन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम संचालन गरी स्थानीय स्तरमै उपलब्ध हुने कच्चा पदार्थमा आधारित उद्योग संचालन गर्न अभिप्रेरित गरिनेछ ।

३. गाउँपालिकाभित्र घरेलु तथा साना उद्योग विस्तार गरिनेछ । स्थानीय सीप, श्रोत र साधनलाई प्रयोग गरी खाँडी, अल्लो, गाँजा, ढाकाजस्ता उत्पादन गर्ने लक्षित वर्गलाई सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा वृद्धि गर्ने समुहमा प्रविधि हस्तान्तरण गरिनेछ ।

४. नयाँ उद्यमीहरुको सृजनाका लागि सामाजिक परिचालन, उद्यमशीलता तथा सिप विकास तालिम संचालन, पुराना उद्यमीहरुको स्तरोन्नती, उद्यमीको वित्त क्षेत्रमा पहुँच तथा प्रविधि हस्तान्तरण गर्न कार्यक्रम संचालन गरिनेछ ।

५. स्थानीय कच्चा पदार्थबाट सञ्चालन गर्न सकिने उद्योगलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

६. गाउँपालिकामा मिनरल वाटर उद्योग सञ्चालन गर्नका लागि व्यक्तिगत फर्म, सहकारी र समुहहरुसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ।

७. बाँस उत्पादन क्षेत्रलाई प्रोत्साहन गर्दै बाँसबाट उत्पादित तामाका परिकारहरु उत्पादन, प्रशोधन गरी बजारीकरण गर्न व्यक्तिगत फर्म, सहकारी र समुहहरुसँगको सहकार्यमा कार्य अघि बढाइनेछ।

८. यान्त्रिक उपकरण (हलुका सवारी, हेभी मेसिन (एक्स्काभेटर, ब्याक हो लोडर आदि), चारपाङ्ग्रे तथा दुईपाङ्ग्रे सवारी साधन आदि) तथा नवीकरणीय उर्जा प्रणाली (घरेलु सौर्य उर्जा प्रणाली, लघु जलविद्युत, बायोमास) को लागत अनुमान/ कार्यसम्पन्न निरीक्षण प्रतिवेदन बनाउनको लागि परामर्शदाता नियुक्त गरिनेछ।

**गाउँ सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु**

## ३. पूर्वाधार विकास

### (क) सडक भवन तथा पुल

१. माङसेबुङ गाउँपालिकाको मुख्य लक्ष्य 'दिगो विकास समृद्धिको आधार स्थायित्व र पर्याप्त पूर्वाधार' प्राप्तिका लागि भौतिक पूर्वाधारको विकास गर्दै लगिनेछ। सडक क्षेत्रको योजनावद्ध विकासका लागि सडक यातायात गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

२. गाउँपालिकाभित्रका मुख्य सडकहरुमा सबै समयमा यातायातका साधनहरु संचालन हुनेगरी स्तरोन्नती गर्न प्रदेश तथा संघीय सरकारसँग समन्वय र सहकार्य गरी लागत साझेदारीमा सडक स्तरोन्नती गर्ने कार्यक्रम संचालन गरिने कार्यलाई निरन्तरता गरिनेछ।

३. 'आहा माङसेबुङ' अभियान सञ्चालन गरी गाउँपालिकाका सडकहरुलाई व्यवस्थित र भरपर्दो बनाई हरेक वडा बस्तीका नागरिक र पर्यटकहरुको जनजीवनलाई सहज र व्यवस्थित गर्दै लगिने नीतिलाई निरन्तरता दिइनेछ। अब सडकहरु बाह्रैमास (अलवेदर) बनाइनेछ।

४. गाउँपालिका तथा वडा कार्यालयको भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

५. गाउँपालिका भित्रका मोटरेबल सडक, पदमार्ग, पक्की पुल, झोलुङ्गे पुलहरुको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. जिल्ला सदरमुकाम तथा अन्तरपालिका जोड्ने सडकहरुलाई उच्च प्राथमिकतामा राखेर काम गर्नका लागि सम्बन्धित निकाय, विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरिनेछ।

७. गाउँपालिकाभित्रका एक वडादेखि अर्को वडा जोड्न बाँकी रहेका स्थानमा सडक विस्तार गरिनेछ । साथै सडक संजाल जोडिईसकेका सडकहरुलाई बाह्रै महिना सवारी साधन चल्न सक्ने गरी सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

८. 'दिगो विकास समृद्धिको आधार : स्थायित्व र पर्याप्त पूर्वाधार' माङसेबुङ गाउँपालिकाको मुख्य लक्ष्य प्राप्तिका लागि गाउँपालिकाले मर्मत संभार कोषबाट संचालन हुने कार्यक्रमलाई निरन्तरता दिनेछ।

९. दश लाखभन्दा बढी बजेट विनियोजन भएका पूर्वाधारसँग सम्बन्धित आयोजनाहरु प्रतिस्पर्धात्मक ठेक्का प्रकृयाबाट कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ। तर गाउँ कार्यपालिकाले विशेष परिस्थितिमा गरेको निर्णयका आधारमा दश लाखभन्दा माथिकै योजना भए पनि उपभोक्ता समितिबाट कार्यान्वयन गर्न सकिनेछ।

१०. माङसेबुङ गाउँपलिकामा सञ्चालन हुने विकास निर्माण योजना तथा अन्य कार्यक्रमहरुमा प्रयोग हुने मेसिन तथा औजारहरुको दररेट माङसेबुङ गाउँपालिकाभरि एउटै रहने गरी व्यवस्था मिलाइनेछ। प्रतिस्पर्धात्मक दरमा काम गराउन निर्माण व्यवसायीहरु सूचीकृत हुने व्यवस्थाको शुरुवात गरिनेछ।

११. उपभोक्ताहरुको लागत सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ।

१२. घर नक्सा पास गरी कार्यान्वयनमा ल्याइने छ।

१३. गाउँपालिका स्तरीय कृषि सडकलाई गौरवको योजनामा कार्न्वयन गरिने छ।

१४. पूर्वाधार तथा विपद पूर्व तयारीका लागि आवश्यक इक्यूपमेण्ट खरिद गर्न बजेटको व्यवस्था गरिने छ।

### (ख) जलश्रोत र उर्जा विकास

१. उज्यालो घर अभियान अन्तर्गत माङसेबुङ गाउँपालिकाका हरेक वडाको प्रत्येक टोल बस्ती र घरहरुमा राष्ट्रिय प्रसारणको विद्युत लाईन पुर्याउने लक्ष्य राखी साझेदार निकायहरुसँगको समन्वय र सहकार्यमा उच्च प्राथमिकताका साथ काम गरिनेछ। यस अभियानलाई सार्थक र सफल बनाउन नेपाल विद्युत प्राधिकरण, प्रदेश सांसद, प्रदेश सरकार, संघीय सांसद र संघीय सरकारसँग आवश्यक सहयोग र सहकार्य गरिनेछ।

२. गाउँपालिका, प्रदेश सरकार र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रबीच त्रिपक्षीय संझौता पत्रमा २०७५ भाद्र ०५ गते हस्ताक्षर भएकोले विद्युतको राष्ट्रिय प्रसारण पुर्याउन सम्भव नभएको टोल बस्ती र घरहरूमा ग्रामीण क्षेत्रका लागि नवीकरणीय उर्जा र वैकल्पिक उर्जा प्रवद्र्धन केन्द्रसँग समन्वय र सहकार्यमा सौर्य उर्जा मार्फत उज्यालो घर, उज्यालो टोल बस्ती कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. समुदायमा आधारित साना सौर्य ग्रीड संचालनको लागि गाउँपालिकाको विभिन्न क्षेत्रहरुहरुमा सम्भाव्यता अध्ययन गर्नको लागि ग्रामीण क्षेत्रका लागि नवीकरणीय उर्जा र वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय र सहकार्य गरिनेछ।

४. गाउँपालिकाभित्र रहेका खोला र नदीहरुबाट जलविद्युत उत्पादनको लागि सम्भाव्यता अध्ययन र विस्तृत आयोजना प्रतिवेदन तयार गर्नको लागि वैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र र ग्रामीण क्षेत्रको लागि नवीकरणीय उर्जा कार्यक्रमसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ। गाउँपालिका क्षेत्रभित्र भएर बग्ने देउमाई, फेवा, रतुवा र तामा खोलाबाट जलविद्युत उत्पादन गर्ने लक्ष्यका साथ अघि बढिनेछ।

५.गाउँपालिकाभित्र रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुमा सौर्य बत्ती जडान कार्यलाई निरन्तरता दिईने छ।

६. सुधारिएको चुलो तथा बायोग्याँस जडान गर्नेलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

७. गाउँपालिकाभरी विद्युतिकरण यथाशीघ्र सम्पन्न गर्न पहल गरिनेछ ।

### (ग) सिंचाई

१. सिंचाइको सुविधाको अभावले बाँझोपना हुन गईरहेको खेतीयोग्य समथर जमीनको लगत तयार गरी त्यस्तो क्षेत्रको सम्भाव्यता अध्ययन गरेर विद्युतीय वा सौर्य लिफ्टिङ परियोजना संचालन गर्न आवश्यक पहल गरिनेछ।

२. गाउँपालिकाबाट संचालन हुने कृषि विकास कार्यक्रम र सिँचाइ योजनाहरुलाई अन्तर सम्बन्धित बनाई संचालन गरिनेछ।

३. गाउँपालिका क्षेत्रभित्र रहेको सिचाइ आयोजनाहरु सम्पन्न गर्न प्रदेश सरकार, सङ्घीय सरकार र स्वीस दातृ निकायसँगको सहकार्यमा सञ्चालित सिचाइ आयोजनाहरुलाई निरन्तरता दिइनेछ।

४. गाउँपालिकाभित्र आवश्यक रहेको मुहान अभाव सिचाइ आयोजनाहरुलाई लिफ्टिङ प्रविधिबाट खेतियोग्य जमिनलाई सिन्चित गर्ने नीति लिइनेछ।

**गाउँ सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु**

### ४. वन, वातावरण तथा विपद व्यवस्थापन

१. चुरे क्षेत्रको वनलाई दिगो रुपमा संरक्षण गर्न सो क्षेत्रका बसोबासीहरुलाई नदी उकास तथा खोल्सा खोल्सी क्षेत्रमा बाँस लगायतका वन पैदावरमा आधारित व्यवसायिक आय आर्जनका कार्यमा उत्प्रेरित गरी भू-क्षयको दृष्टिले संवेदनशील सो क्षेत्रमा लोपोन्मुख वनस्पती तथा जीवजन्तुको संरक्षणमा जोड दिईनेछ।

२. यस गाउँपालिकामा बाँस प्रचुर मात्रामा पाईने भएकोले यसमा आधारित उद्योग विकास गर्दै बाँसको रोपन एवं विस्तारलाई आय आर्जनको प्रमुख आधारको रुपमा स्थापित गर्ने नीति लिईनेछ।

३. गाउँपालिकाभित्र रहेका ताल, तलैया पोखरी र सीमसारहरुको संरक्षण र व्यवस्थापनमा जोड दिइनेछ।

४. वन अतिक्रमण, अवैध कटानी, वन फँडानी, चोरी शिकारी, तस्करी तथा वन डढेलो नियन्त्रणका लागि जनसहभागितामूलक र समन्वयतात्मक संयन्त्र निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

५. संभावित खोला-नदी कटान र भू-क्षय नियन्त्रण गर्न पहिरो र कटान क्षेत्रलाई बायो इन्जिनियरिङ र स्थानीय प्रविधिमा आधारित चेक ड्याम निर्माण गरी कटान र भू-क्षय नियन्त्रण गर्ने नीति लिईनेछ।

६. गाउँपालिकाको वडा नं ३, ५ र ६ को दक्षिणी भेग तथा वडा नं ४ चुरे क्षेत्रमा पर्ने र वर्षात्को समयमा बाढीपहिरो एवं नदी, खोला, खोल्सीले कटान गर्ने हुनाले त्यसको रोकथाम र संरक्षण गर्नको लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिसँग आवश्यक समन्वय र सहकार्य गरेर कार्यक्रम संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

७. गाउँपालिकाभित्र जडिबुटी लगायतका वन पैदावरमा आधारित उद्योग सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा स्थापना गर्नको लागि पहल गरिनेछ।

८. स्थानीय वातावरण अनुकूलका वन पैदावरहरुको विस्तार र विविधीकरण गरी वातावरण संरक्षण र व्यवस्थापन गरिनेछ। साथै भू-क्षय नियन्त्रण र नदी मुहान तथा किनाराको संरक्षण गर्ने कार्यक्रम संचालन गरिनेछ।

९. एक गाउँपालिका एक नर्सरी, एक गाउँपालिका एक उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

१०. डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता समुहसँग समन्वय गरेर वृक्षरोपण कार्यक्रम सञ्चालन गरिनेछ।

११. प्राकृतिक प्रकोप भूकम्प, महामारी, बाढी पहिरो, आगलागी समेतले निम्त्याउन सक्ने असहज अवस्थाको व्यवस्थापनका लागि विपद् व्यवस्थापन कोषलाई उपयोग गरिने छ।

१२. उल्लेखित विपद सम्बन्धि कार्यका लागि बजेटको व्यव्स्था गरिनेछ।

## ६. संस्थागत विकास, सेवा प्रवाह र सुशासन

### (क) सेवा प्रवाह र सुशासन

१. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुले संचालन गरेका गतिविधिहरुका बारेमा जनतालाई सुसूचित गर्न, पारदर्शिता कायम गर्न, सेवाग्राहीको पृष्ठपोषण लिन चौमासिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी हरेक क्रियाकलापलाई जवाफदेही र पारदर्शी बनाइनेछ।

२. सेवालाई जनताको घरदैलौमा पुर्याउन आर्थिक वर्ष २०७९/८० बाट वडा नं २, ३ र ६ को सेवा प्रवाहलाई विस्तार गरी सेवाकेन्द्रबाट सेवा प्रवाह संचालन गरिएको छ यसलाई निरन्तरता दिइनेछ।

३. यस गाउँपालिकाको भौतिक विकासका अलवा माग र अधिकारमा आधारित विभिन्न गतिविधि गर्दै विकासको मूल प्रवाहमा सबै नागरीकहरुलाई समावेश गर्न र राज्यले व्यवस्था गरेकाबालबालिका, दलित अपाङ्ग, पिछडा वर्ग, अल्पसंख्यक सीमान्तकृत व्यक्ति तथा समुदायको समावेशी तथा समतामूलक विकास गर्नको लागि संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, विषयगत कार्यालयहरु र सम्वन्धित गैरसरकारी संघ, संस्थाहरुलाई आग्रह गर्दै सम्वन्धित क्षेत्रमा आवश्यक योजना निर्माण तथा बजेट विनियोजनका लागि आह्वान गरिनेछ।

४. सुशासनमा जोड दिंदै सेवा प्रवाहमा विना भेदभाव सबैलाई समान अवसर प्रदान गरिनेछ।

५. गाउँ कार्यपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी, आधारभुत तथा सामुदायिक स्वास्थ्य इकाइ, कृषि तथा पशु शाखामा कार्यरत करार कर्मचारीहरुको सेवालाई निरन्तरता दिईनेछ।

६. फिल्डमा खटिनु पर्ने ईञ्जिनियरिङ सेवा तर्फका प्राविधिक कर्मचारीहरुको लागि दिइने फिल्ड भत्तालाई निरन्तरता दिइनेछ ।

७. साविकको स्थानीय निकायमा स्थायी नियुक्ति भई कार्यरत कर्मचारीहरु सेवाबाट अवकाश हुँदाका बखत प्रदान गरिने सुविधाका लागि कर्मचारी कल्याण कोषको व्यवस्था गरिनेछ।

८. गाउँपालिकाभित्रका वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकी र इकाइमा विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ।

९. गाउँपालिकामा सेवा प्रवाहलाई सहज र प्रविधिमैत्री बनाइनेछ।

१०. गाउँपालिकामा कार्यरत कर्मचारीहरुमा पदीय दायित्वबोध, जवाफदेहीता, व्यवसायिकता तथा क्षमता वृद्धि गर्न तालिमको व्यवस्था गरिनेछ।

११. गाउँपालिका र वडा कार्यालयबाट संकलन गरिने राजश्वलाई पारदर्शी बनाउन अन लाइन प्रणालीलाई निरन्तरता दिइनेछ।

१२. पदीय जिम्मेवारीको थप महसुस गराउन साथै काममा उत्प्रेरणा प्रदान गर्न उत्कृष्ट कर्मचारी (वडा सचिव, प्राविधिक कर्मचारी र अन्य कर्मचारी), उत्कृष्ट उपभोक्ता समिति, उत्कृष्ट पदाधिकारी, उत्कृष्ट शिक्षक शिक्षिका, कक्षा आठ, एसईई र कक्षा १२ सर्वोत्कृष्ट अंक ल्याउने छात्र छात्रा साथै गाउँपालिका क्षेत्रबाट अवकाश भएका शिक्षक तथा विद्यालयका कर्मचारीहरुलाई जीवनभर गरेको सेवाको सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३. गुणस्तरीय शिक्षा, स्वास्थ्य, सेवा प्रदान तथा सुशासन कायम गर्न विद्यालय तथा कार्यालयहरूमा सिसि टिभि जडान गर्ने नीति लिइनेछ।

### (ख) सूचना तथा संचार

१. देशको सामाजिक, आर्थिक, शासकीय लगायत समग्र क्षेत्रको विकासका लागि सूचना तथा संचार प्रविधि अपरिहार्य साधन भएकोले यसलाई समयानुकूल प्रभावकारी रुपमा उपयोग गर्ने नीति लिइनेछ।

२. असमान रुपमा रहेको गाउँपालिका र वडा कार्यालयहरुको इन्टरनेटको अवस्था अन्त्य गर्न साथै सबै वडा कार्यालयहरुलाई गाउँपालिकासँग इन्टरनेटको माध्यमबाट जोड्न र सोही माध्यमबाट इन्टरकम टेलिफोनको व्यवस्था गर्नका लागि इन्ट्रानेटको व्यवस्था गरिनेछ।

३. संचालित योजना तथा कार्यक्रमहरुको गुणस्तरीयता सुनिश्चित गर्न अनुगमन तथा निरीक्षणलाई व्यवस्थित र नतीजामुखी बनाइनेछ । साथै स्थानीय तहहरुको क्षमता स्वमूल्यांकन (LISA) र स्थानीय तहको वितिय जोखिम मूल्याङ्कन (FRA) लाई अझ प्रभावकारी बनाइने छ।

४. नागरिक वडापत्रहरु, विभिन्न कार्यक्रमका सूचना, फोटो तथा भिडियो, प्रत्यक्ष कार्यक्रमहरु प्रदर्शन गर्नका लागि विद्युतीय डिजिटल डिस्प्ले बोर्ड राख्ने कार्यलाई विस्तार गरिनेछ।

५. पारदर्शी, छिटो, छरितो र सुरक्षित डाटाबेस साथै पेपरलेस कार्यक्रमका लागि जिन्सी, सिफारिस, योजना, राजश्व, लगायतका क्षेत्रहरुमा सफ्टवेयर प्रणालीलाई निरन्तरता दिइनेछ।

६. सूचना प्रविधिमैत्री अध्यापन कार्यलाई प्रोत्साहन गर्न आवश्यक पूर्वाधारको व्यवस्था गर्दै सामुदायिक विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार गर्न नेपाल दूरसञ्चार प्राधिकरणसँग समन्वय र सहकार्य गरिनेछ।

७. गाउँपालिकाले गरेका गतिविधिहरूबारे जनतालाई सूचित गर्न पत्र–पत्रिका, अनलाइन पत्रिका, रेडियोमा माङसेबुङका विकाससँग सम्बन्धित कार्यक्रम संचालन गरिनेछ।

८. स्थानीय स्तरमा संचालित संचार माध्यमहरूको वृद्धि विकासका लागि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड पूरा गर्ने संचार माध्यमहरूलाई लोक कल्याणकारी सूचनाको व्यवस्था मिलाउँदै लगिनेछ।

९. नेपालका विभिन्न संचार माध्यमहरूमा काम गर्ने माङसेबुङ गाउँपालिकाबासी पत्रकारहरूको सिप तथा क्षमता अभिवृद्धिका लागि तालिम संचालन गरिनेछ। जसका लागि स्थानीय सञ्चार माध्यम र पत्रकारितासँग सम्बन्धित संस्थाहरूसँग सहकार्य गरिनेछ।

१०. माङसेबुङ गाउँपालिकाले प्रकाशन गर्दै आएको माङसेबुङ बुलेटिन प्रकाशन यस वर्ष देखि निरन्तरता दिइनेछ। जसका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

११. माङसेबुङ गाउँपालिकाको विकासमा पत्रकारिताको माध्यमबाट योगदान पुर्याउने नेपालका विभिन्न संचार माध्यमहरूमा काम गरिरहेका पत्रकारहरूमध्ये एक जना पत्रकारलाई वर्षेनी सम्मान गरिनेछ।

१२. माङसेबुङ गाउँपालिकामा रहेका एफ. एम. स्टेशनलाई प्रशारण क्षमता वृद्धि गर्न प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१३. माङसेबुङ गाउँपालिकाको विकासका लागि वि स २०१५ साल देखि हालसम्मका जननिर्वाचित/जनप्रतिनिधिहरुको चिनारी सङ्गालो प्रकाशन गरिनेछ।

## ६. अन्य

### (क) गैर सरकारी संस्था

१. गैर सरकारी संस्थाहरुले आफ्ना कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दा आवधिक तथा वार्षिक गाउँपालिका विकास योजना, सहभागितामूलक योजना पद्धतिका आधारमा स्थानीय स्तरबाट माग, छनौट र प्राथमिकीकरण भई आएका आयोजना र कार्यक्रमहरु मध्येबाट गर्नु पर्ने नीति लिइनेछ।

२. गैर सरकारी संस्थाको पारदर्शिता, जवाफदेहिता सुनिश्चित गर्न सहजीकरण, परिचालन, अनुगमन र मूल्यांकनलाई प्रभावकारी बनाईनेछ।

३. गैर सरकारी संस्था तथा लघुवित्त संस्थाहरुले गाउँपालिकासँग अनुमति लिएर मात्र कार्य गर्ने व्यवस्था गरिनेछ।

### (ख) गरिबी न्यूनीकरण

१. गरिबी निवारण गर्न स्थानीय श्रोत साधनको उपलब्धता र बजारीकरणको पहुँचलाई ध्यान दिदैं बाँस तथा काठ उद्योग खोल्नलाई गाउँपालिकाले सहयोग गर्नेछ।

२. गरिबी निवारणको निम्ति गरिबसँग विशेश्वर कार्यक्रम संचालनलाई निरन्तरता दिइनेछ।

३. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमबाट नयाँ उद्यमी सृजना गर्दै, पुराना उद्यमीहरुलाई प्रविधि हस्तान्तरण गर्दै लगिनेछ साथै उद्यमीहरुले सरल र सहज तरिकाले ऋण प्राप्त गर्ने कार्यमा आवश्यक पहल र समन्वय गरिनेछ।

४. संभावनाका आधारमा विकास गरिएका कृषि तथा पशु विकासका पकेट क्षेत्रहरुको कार्यक्रमलाई स्थानीय समुदायको आय आर्जन र सीप विकाससँग जोडी गरिबी न्यूनीकरणमा प्रत्यक्ष रुपमा सहयोगी बनाइनेछ।

५. साना सिंचाई कार्यक्रम संचालनबाट सिंचाई सुविधा पुगेको बाँझो जमिनलाई उपयोग गरी कृषिलाई व्यवसायिक बनाई अतिरिक्त आय आर्जन हुने नीति लिइ गरिवी न्यूनीकरणमा सहयोगी बनाइनेछ।

६. मापदण्डका आधारमा गरिब घर परिवार पहिचान गरी परिचय पत्र वितरणका लागि लगत संकलन कार्य सम्पन्न भएकोले आगामी आ.व.मा परिचय पत्र वितरण गरिनेछ।

### (ग) भूमि व्यवस्था

१. जमिनको वैज्ञानिक वर्गीकरणका लागि भू-उपयोग नीति लागू गरिने छ।

२. गाउँपालिकाभित्रका सम्पूर्ण कृषियोग्य जमिनको उचित उपयोग गर्न भू-उपयोग योजना तर्जुमा गरी भूमिको वर्गीकरण गरिनेछ।

३. लामो समयदेखि समाधान हुन नसकेको भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको समस्या समाधान गर्न संकलन गरेको लगतका आधारमा स्थलगत नापचाँच गरी यसै आ.व २०८१/८२ देखि भूमिहिन सुकुम्बासी/ भूमिहिन दलित सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई जग्गाको निस्सा तथा धनिपूर्जा वितरण गर्ने कार्य अघि बढाइनेछ। जसको लागि बजेटको व्यवस्था गरिनेछ।

### (घ) राजश्व नीति

१. राजश्व परिचालनका लागि करका दरभन्दा दायरा फराकिलो पारी नयाँ आम्दानीका स्रोतहरु पहिचान गरी आन्तरिक राजश्व वृद्धि गर्ने नीति लिइनेछ।

२. करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरमा ल्याउँदै प्रगतीशिल, समन्यायिक, पारदर्शी, व्यवसायमैत्री राजश्व प्रणालीको विकास गरिनेछ।

३. कर प्रशासनमा सूचना प्रविधिको प्रयोगलाई निरन्तरता दिइनेछ।

**(च) न्याय सम्पादन**

१. न्याय सम्पादनलाई सर्वसुलभ बनाउनका लागि न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित गरिदै लगिनेछ। जसका लागि बजेटको व्यवस्था गरिनेछ।

२. न्याय सम्पादनमा संलग्न हुने पदाधिकारीहरु तथा मेलमिलापकर्ताहरु र कर्मचारीको क्षमता वृद्धिका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।

**(छ) अध्यक्ष विकास / उपाध्यक्ष विकास कार्यक्रम**

१. आर्थिक वर्ष २०७९/८० बाट सुरुवात गरिएको अध्यक्ष विकास कार्यक्रम र उपाध्यक्ष विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

अन्त्यमा,

माङसेबुङ गाउँपालिकाले लिएको नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न गाउँपालिकामा श्रम सस्कृतिको विकास गरिनेछ। सोका लागि सम्पूर्ण नागरिक समाज, जनप्रतिनिधि, कर्मचारीहरुमा जनश्रमदानको लागि आह्वान गरिन्छ। लिइएको नीति तथा कार्यक्रमलाई सम्पन्न गर्न आम माङसेबुङबासीको सल्लाह, सुझाब र साथ सहयोगको पनि उत्तिकै आवश्यकता रहेको छ। लिइएको नीति तथा कार्यक्रमलाई कार्यन्वयन गर्न सके (**आहा माङसेबुङ**) को परिकल्पनालाई पूरा गर्न सकिने विश्वास लिइएको छ।

---

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम माङसेबुङ गाउँपालिका, गाउँसभाको १५ औं अधिवेशनको पहिलो बैठकबाट पारित भएको व्यहोरा माङसेबुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ (१) ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु।*

हेमन्त राई
(अध्यक्ष)
माङसेबुङ गाउँपालिका
इलाम

# माङसेबुङ गाउँपालिका
## इलाम

आज मिति : २०८१ असार १० गते सोमबारका दिन यस माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राईको अध्यक्षतामा बसेको गाउँसभाको १५ औं अधिवेशनको दोस्रो बैठकमा देहायको उपस्थितिमा तपशील बमोजिमको प्रस्ताव उपर छलफल गरी तपशील बमोजिमको निर्णय गरियो :

उपस्थिति :

| क्र.सं. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | | |
| २ | श्री विनोद कुमार नेम्वाङ | उपाध्यक्ष | | |
| ३ | श्री भुपाल योङहाङ | सदस्य | | |
| ४ | श्री कृष्ण बहादुर बस्नेत | सदस्य | | |
| ५ | श्री लक्षुमन राई | सदस्य | | |
| ६ | श्री नवीन लिम्बू | सदस्य | | |
| ७ | श्री नरेन्द्र कुमार राई | सदस्य | | |
| ८ | श्री प्रदिप साङपाङ | सदस्य | | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | | |
| ११ | श्री हस्त कुमारी लिम्वू | सदस्य | | |
| १२ | श्री पुनम साम्वाहाम्फे | सदस्य | | |
| १३ | श्री सुसन राई | सदस्य | | |
| १४ | श्री सिर्जना मगराती | सदस्य | | |
| १५ | श्री ठग बहादुर श्रेष्ठ | सदस्य | | |
| १६ | श्री मीन प्रसाद लिम्वू | सदस्य | | |
| १७ | श्री विष्णुमाया राना मगर | सदस्य | | |
| १८ | श्री मन कुमार लिम्वू | सदस्य | | |
| १९ | श्री मनि प्रसाद राई | सदस्य | | |

| क.सं. | नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| २० | श्री सुशिला सासंखर | सदस्य | | |
| २१ | श्री देउमान साम्बा | सदस्य | | |
| २२ | श्री सूर्य कुमार राई | सदस्य | | |
| २३ | श्री कल्पना राई | सदस्य | | |
| २४ | श्री गोमा देवी वि. क. | सदस्य | | |
| २५ | श्री टेकमान लिम्बू | सदस्य | | |
| २६ | श्री धन बहादुर राई | सदस्य | | |
| २७ | श्री तिलरुपा सवेहाङ | सदस्य | | |
| २८ | श्री गंगा माया विश्वकर्मा | सदस्य | | |
| २९ | श्री वीर बहादुर कुरुम्वाङ | सदस्य | | |
| ३० | श्री सुरेन्द्र तुम्वाहाम्फे लिम्बू | सदस्य | | |
| ३१ | श्री धन कुमारी विश्वकर्मा | सदस्य | | |
| ३२ | श्री खगेन्द्र खड्का | सदस्य | | |
| ३३ | श्री दिवस राई | सदस्य | | |
| ३४ | श्री विनोद कुमार चौहान | सचिव (प्र. प्र. अ.) | | |

माङसेबुङ गाउँपालिका, गाउँसभाको १५ औं अधिवेशनको दोस्रो बैठक (२०८१/०३/१०) मा उपस्थित कर्मचारीहरु

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मनिमा भट्टराई | अधिकृत सातौं | |
| २ | श्री बुद्धि प्रसाद खतिवडा | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | |
| ३ | श्री प्रदीप कुमार राई | स्वास्थ्य शाखा प्रमुख | |
| ४ | श्री दिपेश कुमार दास | रोजगार संयोजक | |
| ५ | श्री मनोज ठगुन्ना | पशु सेवा शाखा प्रमुख | |
| ६ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | |
| ७ | श्री सुरज अधिकारी | कृषि अधिकृत | |
| ८ | टंक कुमार मगर | इन्जिनियर | |
| ९ | श्री युवराज दाहाल | अधिकृतस्तर छैटौं (प्राविधिक) | |
| १० | श्री पुष्कर कार्की | अधिकृतस्तर छैटौं (प्राविधिक) | |
| ११ | श्री राम दुलाल | सहायक पाँचौं, लेखा | |
| १२ | श्री उमेश खत्री | कम्प्युटर अपरेटर | |
| १३ | श्री युवराज खनाल | प्राविधिक सहायक, शिक्षा | |
| १४ | श्री माधव अधिकारी | अ. सब इन्जिनियर | |
| १५ | श्री हेमसागर घिमिरे | सहायक चौथौ | |
| १६ | श्री चिरञ्जीवी खत्री | सब इन्जिनियर | |
| १७ | श्री अम्बिका ढुंगेल सुवेदी | असिष्टेन्ट सब इन्जिनियर | |
| १८ | श्री मन कुमार मगर | एम.आइ.एस. अपरेटर | |
| १९ | श्री सुरेश राई | रोजगार सहायक | |
| २० | श्री चन्द्र बहादुर कार्की | प्राविधिक सहायक (प्र.म.रो.) | |
| २१ | श्री भेषराज भट्टराई | पशु स्वास्थ्य प्राविधिक | |
| २२ | श्री प्रविण मुखिया | पशु स्वास्थ्य प्राविधिक | |
| २३ | श्री हेमन्त राई | अ. हे. व. | |
| २४ | श्री निरुपा राई | जे. टि. ए. (कृषि प्राविधिक) | |
| २५ | श्री गोमा गौतम | प्राविधिक सहायक (कृषि) | |
| २६ | श्री करणसिंह धामी | ना.प.से.प्रा. | |

| | | | |
|---|---|---|---|
| २७ | श्री लता चालिसे | स. म. वि. नि. | |
| २८ | प्रेम तामाङ | सहायक चौथो, प्रशासन | |
| २९ | श्री दिपेन्द्र बहादुर शाही | उद्यम विकास सहजकर्ता | |
| ३० | श्री प्रवेश लिम्बू | अमिन | |
| ३१ | श्री चण्डिका लिम्बू | सि.बि.आर.एफ. | |
| ३२ | श्री विपिन खुलाल | वित्तीय साक्षरता सहजकर्ता | |
| ३३ | श्री विद्या लिम्बू | मनोसामाजिक परामर्शकर्ता | |
| ३४ x | श्री शरण केरुङ | सामाजिक परिचालक | |
| ३५ | श्री मनिह्राङ्मा साम्बा | अपांगता सहायता सहजकर्ता | |
| ३६ | श्री अश्विन कार्की | सामाजिक परिचालक | |
| ३७ | श्री धन कुमार लिम्बू | रिटर्नी स्वयंसेवक | |
| ३८ | श्री ठगेन्द्र राना मगर | रिटर्नी स्वयंसेवक | |
| ३९ | श्री सन्तोष कुमार लिम्बू | रिटर्नी स्वयंसेवक | |
| ४० | श्री प्रविन कुमार राई | हलुका सवारी चालक | |
| ४१ | श्री टेकराज बस्नेत | हलुका सवारी चालक | |
| ४२ | श्री डक वहादुर जोशी | कार्यालय सहयोगी | |
| ४३ | श्री दिनेश लिम्बू | कार्यालय सहयोगी | |
| ४४ | श्री पुरण लिम्बू | कार्यालय सहयोगी | |
| ४५ x | श्री प्रकाश कार्की | फिल्ड सहयोगी | |
| ४६ | श्री प्रमिला विश्वकर्मा | कार्यालय सहयोगी | |
| ४७ | श्री चिरञ्जिवी खत्री | सब-इन्जिनियर | |
| ४८. | | | |

# माङसेबुङ गाउँपालिका
इलाम

## गाउँसभाको १३ औं अधिवेशन

---

**स्थान:** गाउँपालिकाको सभाकक्ष, माङसेबुङ - २, इभाङ, इलाम

**सञ्चालक :** अध्यक्ष श्री हेमन्त राई

**बैठक मिति :** २०८१/०३/१० गते सोमबार

**बैठक संख्या :** २

**प्रस्तावहरु:**

१. 'माङसेबुङ गाउँपालिकाको आर्थिक विधेयक २०८१' सम्बन्धमा ।

२. 'माङसेबुङ गाउँपालिकाको आ. व. २०८१।०८२ को बजेट' सम्बन्धमा।

३. 'माङसेबुङ गाउँपालिकाको विनियोजन विधेयक २०८१' सम्बन्धमा।

४. विविध ।

---

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम माङसेबुङ गाउँपालिका, गाउँसभाको १५ औं अधिवेशनबाट पारित भएको व्यहोरा माङसेबुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ (१) ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।*

हेमन्त राई
(अध्यक्ष)
माङसेबुङ गाउँपालिका
इलाम

# माङसेबुङ गाउँपालिका
## इलाम

## गाउँसभाको १५ औं अधिवेशन

---

**बैठक मिति :** २०८१/०३/१० गते सोमबार

**बैठक संख्या :** २

**निर्णयहरु :**

१. 'माङसेबुङ गाउँपालिकाको आर्थिक विधेयक २०८१' स्वीकृत गर्ने । (अनुसूची : २)

२. 'माङसेबुङ गाउँपालिकाको आ. व. २०८१।०८२ को बजेट' स्वीकृत गर्ने । (अनुसूची : ३)

३. 'माङसेबुङ गाउँपालिकाको विनियोजन विधेयक २०८१' स्वीकृत गर्ने । (अनुसूची :४)

२. **विविध** : गाउँ कार्यपालिकाका विभिन्न बैठकहरुबाट निर्णय भई आएका विविध विषयहरुलाई अनुमोदन गर्ने । (अनुसूची : ५)

---

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम माङसेबुङ गाउँपालिका, गाउँसभाको १५ औं अधिवेशनबाट पारित भएको व्यहोरा माङसेबुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ (१) ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।*

..................

हेमन्त राई

(अध्यक्ष)

माङसेबुङ गाउँपालिका

इलाम

अनुसूची - २

# माङसेबुङ गाउँपालिकाको आर्थिक ऐन, २०८१

**प्रस्तावना** : माङसेबुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम माङसेबुङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम आर्थिक ऐन,२०८१ रहेको छ ।
(२) यो ऐन २०८१ साल श्रावण १ गतेदेखि माङसेबुङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र एकीकृत अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर बहाल कर** : गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (२) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय कर** : गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **विज्ञापन कर** : गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (४) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । सो सम्बन्धी अन्य व्यबस्था प्रदेश कानून बमोजिम हुनेछ ।

६. **बहाल बिरौटी शुल्क** : गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, स्थानीय सरकारको नाममा रहेका ऐलानी जग्गा त्यस्तो जग्गामा रहेका पोखरी, हाटबजार, प्रदर्शनी स्थल र ती स्थानमा अस्थायी अनुमती लिएर राखिएका पसलमा अनुसुची (५) अनुसार बहाल बिरौटी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

७. **सडक उपयोग सेवा शुल्क** : गाउँपालिका क्षेत्रभित्र गुड्ने सवारी साधनबाट सडक उपयोग गरे बापत अनुसूची (६) बमोजिम सडक उपयोग सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले नेपालको संविधानको अनुसुची ७ बमोजिमका क्षेत्र र विषयमा पुर्याएको सेवा वापत अनुसूची (७) मा उल्लिखित दरमा सेवा शुल्क दस्तुर लगाउने र असुल उपर गरिनेछ ।

९ **प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क** : (१) माङसेबुङ गाउँपालिका भित्र आर्थिक वर्ष २०८१।०८२ मा ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तरको संकलन तथा बिक्रीमा अनुसुची ८ बमोजिमको शुल्क लगाइने र संकलन गरिनेछ ।
(२) उपदफा (१) बमोजिमको कर संकलन गर्नु अघि प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नु पर्नेछ ।
(३) उपदफा २ मा जेसुकै लेखिएको भएतापनि यसभन्दा पहिले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइसेकेको रहेछ भने ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तर बहत्तर संकलन गर्न बाधा पर्नेछैन ।
(४) उपदफा ३ बमोजिम प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्कको संकलित रकम गाउँपालिकाको विभाज्य कोषमा जम्मा गरिनेछ ।
(५) उपदफा ४ बमोजिम संकलित तथा प्रदेश कानून बमोजिम बाँडफाँड हुने भई गाउँपालिकाले प्राप्त गर्ने रकम सञ्चित कोषमा दाखिला गरिनेछ ।

१०. कृषिजन्य, पशुजन्य तथा वन पैदावर निकासी कर : अनुसूची ९ बमोजिम निकासी कर संकलन गरिनेछ ।
११ सम्पत्ति कर : अनुसूची १० बमोजिम सम्पत्ति कर संकलन गरिनेछ ।
१२ घरधुरी कर : अनुसूची ११ बमोजिम घरधुरी कर संकलन गरिनेछ ।
१३ विविध : अनुसूची १२ बमोजिम विविध कर संकलन गरिनेछ ।

१४ दर घटाउन बढाउन वा कर छुट : (१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

(२) ठेक्का प्रकियाबाट आन्तरिक आय संकलन गर्दा गराउँदा त्यस्तो ठेक्काको सम्पुर्ण रकम सम्झौताको बखत एकमुष्ट बुझाएमा १० प्रतिशत (दश प्रतिशत) छुट दिइनेछ । तर किस्ताबन्दीमा छुट सुविधा दिइने छैन ।

१५. यस ऐनमा उल्लेख नभएका कुनै पनि विषयका दररेटहरु तत्काल निर्धारण गर्नुपर्ने भएमा सोही विषयसंग मिल्दोजुल्दो अर्को विषयको दररेट आधारमानी दररेट कायम गरिनेछ ।

१६. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउं कार्यपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची १ मालपोत दस्तुरः

निम्नानुसारका क्षेत्रहरुमा एक रोपनी भन्दा कम क्षेत्रफल रहेका कित्ताहरुको मालपोत मुल्यांकन दस्तुर निम्नानुसार कायम गर्न प्रस्ताव गर्ने:

| वडा नं. | क्षेत्रहरु | न्यूनतम मुल्यांकन |
|---|---|---|
| १ | देउमाई खोला र फाकफोक खोला दोभान क्षेत्र | रु. ५० (पचास) |
| १ | गजुरमुखीधाम क्षेत्र | रु. ८० (असी) |
| २ | रक्से बजार क्षेत्र | रु. ५० (पचास) |
| ३ | चतुरे लाक्तप्पा र नवमी क्षेत्र | रु. ६० (साठी) |
| ५ | भालुटार बुधबारे बजार क्षेत्र | रु. ६५ (पैंसट्ठी) |
| ६ | चिसोपानी पञ्चमी बजार क्षेत्र | रु. १०० (एक सय) |
| ७ | मार्चेबुङ क्षेत्र | रु. ५० (पचास) |

मूल्याङ्कन रकम

| सि. नं. | मूल्यांकन रकम | ०८१।८२को प्रस्तावित दर |
|---|---|---|
| १ | २५ हजार देखि १ लाखसम्म मूल्यांकन | रु १० (दश) |
| २ | १ लाख १ देखि ३ लाखसम्म मूल्यांकन | रु २० (बिस) |
| ३ | ३ लाख १ देखि ५ लाखसम्म मूल्यांकन | रु ५० (पचास) |
| ४ | ५ लाख १ देखि ७ लाखसम्म मूल्यांकन | रु १०० (एक सय) |
| ५ | ७ लाख १ देखि १० लाखसम्म मूल्यांकन | रु १५० (एक सय पचास) |
| ६ | स्वेच्छिक मूल्यांकन माग गरेमा | रु ३०० (तीन सय) |
| ७ | जरिवाना | १ वर्षसम्म १० प्रतिशत, २ वर्षसम्म २० प्रतिशत, ३ वर्षसम्म ३० प्रतिशात र ३ वर्षभन्दा बढी जति भए पनि ४० प्रतिशत |

अनुसूची २ घरबहाल कर

| सि.नं. | राजस्वको क्षेत्रहरु | ०८१।८२ को प्रस्तावित दर |
|---|---|---|
| १ | घर वहाल कर वहाल रकमको | १० प्रतिशत |

अनुसूची ३ व्यवसाय कर

| सि.नं. | राजस्वको क्षेत्रहरु | ०८१।८२ को प्रस्तावित दर |
|---|---|---|
| १ | निर्माण सामाग्री हार्डवेयर | १००० |
| २ | विधुतीय सामाग्री | ८०० |
| ३ | किराना (खाद्य सामाग्री) | ५०० |
| ४ | कपडा पसल | ५०० |
| ५ | ज्वेलरी (सुन चाँदी) पसल | १००० |
| ६ | उत्पादनमूलक उद्योग | २५०० |
| ७ | उर्जामूलक उद्योग | २००० |
| ८ | वनजन्य उद्योग | १५०० |
| ९ | कृषिजन्य उद्योग | १००० |
| १० | खनिज उद्योग | ३००० |
| ११ | होटल | १००० |
| १२ | चियानास्ता पसल | ८०० |
| १३ | निर्माण उद्योग | ५००० |
| १४ | नर्सिङ्ग होम तथा गै.स. अस्पताल | २५०० |
| १५ | क्लिनिक तथा ल्याब | १५०० |
| १६ | मर्मत संभार सवारी साधन | २००० |
| १७ | मर्मत संभार घडी रेडियो | १००० |
| १८ | ब्युटि पार्लर/सैलुन | १००० |
| १९ | डेस्कटप तथा फोटो स्टुडियो | १००० |
| २० | मासु पसल | १००० |
| २१ | टेलरिङ्ग | १००० |
| २२ | भाँडाकुँडा बिक्रेता | १००० |
| २३ | फर्निचर बिक्रेता | १५०० |
| २४ | एग्रोभेट सेन्टर | १००० |
| २५ | स्टेशनरी तथा पत्रपत्रिका | १००० |
| २६ | जुत्ता चप्पल खरीद बिक्री | १००० |
| २७ | राइस मिल | १००० |
| २८ | सहकारी संस्था दर्ता | १००० |
| २९ | ईँटा उद्योग | २५०० |
| ३० | कम्प्युटर प्रशिक्षण केन्द्र | १००० |
| ३१ | गाडीबाट व्यवसाय गर्ने प्रति गाडी प्रतिदिन | २०० |
| ३२ | दूध डेरी दर्ता | १००० |
| ३३ | घरेलु तथा साना उद्योग दर्ता | १००० |
| ३४ | सप्लायर्स दर्ता शुल्क | १५०० |
| ३५ | स-मिल दर्ता | ५००० |
| ३६ | अस्पताल | ५००० |
| ३७ | पोलिक्लिनिक | २५०० |
| ३८ | फार्मेसी सम्बन्धी पसल | १५०० |
| ३९ | ल्याब प्रयोगशाला सहित | १५०० |

| | | |
|---|---|---|
| ४० | ल्याब फार्मेसी | २५०० |
| ४१ | डेन्टल क्लिनिक | १००० |
| ४२ | चस्मा पसल | १००० |
| ४३ | जिम हाउस दर्ता सिफारिस | २००० |
| ४४ | होटेल गेष्ट हाउस | २००० |
| ४५ | रेष्टुरेन्ट | १५०० |
| ४६ | पार्टी प्यालेस दर्ता | ३००० |
| ४७ | क्याटरिङ/टेन्ट हाउस | ३००० |
| ४८ | पुल हाउस दर्ता | २५०० |
| ४९ | छापाखाना दर्ता | २५०० |
| ५० | आर्ट पसल | १००० |
| ५१ | मोबाइल पसल/मर्मत पसल | १००० |
| ५२ | कम्प्युटर तालिम तथा मर्मत केन्द्र | १००० |
| ५३ | फोटोगाफर तथा गाफिक्स भिडियो | १००० |
| ५४ | कस्मेटिक्स पसल तथा ब्युटीपार्लर | १००० |
| ५५ | स्टेशनरी तथा खेलकुद सामाग्री पसल दर्ता | १००० |
| ५६ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका व्यवसाय (विद्यालय बाहेक) | १००० देखि ५००० |
| ५७ | कम्पनी ऐन अन्तर्गत दर्ता भएका व्यवसाय (विद्यालय बाहेक) नवीकरण | ५०० देखि २५०० |
| ५८ | थोक बिक्रेता दर्ता | २००० |
| ५९ | थोक बिक्रेता नवीकरण | १००० |
| ६० | अन्य व्यवसाय दर्ता | १००० |
| ६१ | अन्य व्यवसाय नवीकरण | ५०० |
| ६२ | पूर्व प्राथमिक विद्यालय निजी | १००० |
| ६३ | आधारभूत विद्यालय निजी | १५०० |
| ६४ | माध्यमिक विद्यालय | २००० |
| ६५ | माध्यमिक विद्यालय नवीकरण | १००० |
| ६६ | क्याम्पस | ३००० |
| ६७ | क्याम्पस नवीकरण | १५०० |
| ६८ | क वर्गको वाणिज्य बैंक राजस्व | ५००० |
| ६९ | ख वर्गको विकास बैंक राजस्व | ४००० |
| ७० | फाइनान्स कम्पनी दर्ता | ३५०० |
| ७१ | लघुवित्त विकास बैंक दर्ता | ३००० |
| ७२ | लघुवित्त विकास बैंक नवीकरण | १५०० |

<u>मेशिन सूचीकृत दस्तुर</u>

| सि. नं. | मेशिनको क्षमता | ०८१।०८२ को दर |
|---|---|---|
| १ | १ एच. पि. देखि ९८ एच. पि. सम्म | ७००० |
| २ | १ एच. पि. देखि १२० एच. पि. सम्म | ९००० |
| ३ | १ एच. पि. देखि १४० एच. पि. सम्म | ११००० |
| ४ | १ एच. पि. देखि २२० एच. पि. सम्म | १३००० |
| ५ | २२० एच.पि. भन्दा माथि | १५००० |

*द्रष्टव्यः व्यवसाय कर निर्धारण गर्दा माथि उल्लेख भए बाहेक प्रकृतीका व्यवसाय दर्ता हुन आएमा मिल्दो प्रकृती र स्तरको दरमा व्यवसाय कर असुल गरिनेछ ।*

अनुसूची ४ विज्ञापन कर

| सि. नं. | राजस्वको क्षेत्रहरु | ०८१।८२ को दर |
|---|---|---|
| १ | माङसेबुङ गाउँपालिका क्षेत्रमा व्यवसायिक प्रयोजनका लागि राखिने होडिङ बोर्डमा प्रति वर्ग फुट | २५।० |

अनुसूची ५ बहाल बिटौरी शुल्क

<u>बहाल बिटौरी करः</u>

| क सं | विवरण | ०८१।८२ को दर |
|---|---|---|
| १ | कपडा पसल | १०० |
| २ | किराना पसल | ५० |
| ३ | कस्मेटिक पसल | ४० |
| ४ | सब्जी पसल | १० |
| ५ | इलेक्ट्रिक पसल | ५० |
| ६ | चटपटे पसल | २० |
| ७ | चिया नास्ता पसल | ५० |
| ८ | खेलौना पसल | ४० |
| ९ | बधशाला | ५० |
| १० | डोको मान्द्रो नाम्लो पसल | ३० |
| ११ | फलामका सामान पसल | ३० |
| १२ | सुर्तीजन्य सामाग्री पसल | २५ |
| १३ | जुत्ता चप्पल पसल | १०० |
| १४ | पुजा सामाग्री पसल | ३० |
| १५ | माटाका सामान पसल | ५० |
| १६ | भाँडाकुडा पसल | ६० |
| १७ | फलफुल पसल | ६० |
| १८ | बंगुर पाठा पाठी प्रति गोटा | ५० |
| १९ | बाख्रा पाठा पाठी प्रति गोटा | २५ |
| २० | खसी बोका प्रति गोटा | ७० |
| २१ | कुखुरा हाँस परेवा प्रति गोटा ठुलो | २० |
| २२ | कुखुरा हाँस परेवा प्रति गोटा सानो | ५ |
| २३ | दूग्ध जन्य पसल | २५ |
| २४ | अन्य | ३० |

साप्ताहिक हाट बजारमा बहाल बिटौरी शुल्क

| सि.नं. | हाटबजारको नाम | ठेगाना | न्युनतम अंक | कैफियत |
|---|---|---|---|---|
| १ | चिसोपानी पञ्चमी बजार | वडा नं. ६ | रु. २०००० | साप्ताहिक |
| २ | बुधबारे बजार | वडा नं. ५ | रु. २०००० | साप्ताहिक |
| ३ | बताहा बजार | वडा नं. २ | रु. १०००० | पाक्षिक |
| ४ | चतुरे बजार | वडा नं. ३ | रु. १०००० | साप्ताहिक |

| साप्ताहिक हाटबजार बाहेकका स्थानमा बहाल बिटौरी कर | | | | |
|---|---|---|---|---|
| क सं | विवरण | इकाइ | दर रु | कैफियत |
| १ | सार्वजनिक स्थलमा निर्माण गरेका टहराहरु | प्रति वर्ग फूट | २० | मासिक |
| २ | सार्वजनिक स्थलमा व्यक्तिले निर्माण गरेका घर | प्रति वर्ग फूट | १० | १ तलाको बार्षिक |
| ३ | सार्वजनिक स्थलमा व्यक्तिले निर्माण गरेका घर | प्रति वर्ग फूट | १५ | २ तलाको बार्षिक |

गाउँपालिकाभित्रका विभिन्न स्थानका सरकारी, ऐलानी, वन क्षेत्रमा बसोबास गरेका परिवारहरुबाट मालपोतको दररेटमा वार्षिक बहाल बिटौरी कर संकलन गरिनेछ ।

साप्ताहिक हाट बजारबाट बहाल बिटौरी कर असुलीका लागि ठेक्का बन्दोबस्त गर्ने प्रयोजनका लागि न्यूनतम ठेक्का अंक ठेक्का बन्दोबस्त गर्ने प्रयोजनका लागि न्यूनतम अंक गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

अनुसूची ६ सडक उपयोग सेवा (पूर्वाधार उपयोग शुल्क) शुल्क

पुर्वाधार उपयोग सेवा शुल्क

| क सं | विवरण | ०८१।८२ को दर | ०८१।८२ को बार्षिक अग्रिम |
|---|---|---|---|
| १ | निजी तथा भाडाका कार जिप भ्यान पिकअप | ५० | |
| २ | निजी तथा भाडाका बस ट्रक | १०० | |
| ३ | निजी तथा भाडाका टयाकटर मिनि ट्रक | ८० | |
| ४ | हेभि गाडिहरु डोजर क्रेन एक्साभेटर लोडर आदि | १५० | |
| ५ | विदेशी न प्लेटका गाडी | २०० | |
| ६ | रिजर्भ | ५० | |
| ७ | रूट ईजाजत दस्तुर बार्षिक | ५००० | |

अनुसूची ७ सेवा शुल्क दस्तुर (प्रति सिफारिस प्रति पटक)

| सि.नं. | राजस्वका क्षेत्रहरु | ०८१।८२ को दर |
|---|---|---|
| १ | अदालत शुल्क मिनाहा सिफारिस | ३०० |
| २ | आदिवासी जनजाती प्रमाणित (दलित प्रमाणित नि:शुल्क) | २०० |
| ३ | अन्य सिफारिस | २०० |
| ४ | अंग्रेजी भाषामा सिफारिस | १००० |
| ५ | अविवाहित प्रमाणित | ५०० |
| ६ | उद्योग ठाउँसारी सिफारिस | ७५० |
| ७ | ठूला उद्योग दर्ता | १०००० |
| ८ | मझौला उद्योग दर्ता | ५००० |
| ९ | साना तथा लघु उद्योग दर्ता | २५०० |
| १० | एकासंगोल परिवार सिफारिस | २०० |
| ११ | कर चुक्ता प्रमाणित (कुल कारोबार अंकको) | ०.१ प्रतिशत |
| १२ | मञ्जुरीनामा कागजात प्रमाणित | ५०० |
| १३ | कार्यालय कागजात उतार र प्रतिलिपि (प्रति पाना) | २० |
| १४ | कोठा खोल्ने रोहबर | ३०० |
| १५ | गाउँपालिका कानून संग्रह बिक्री | १५०० |
| १६ | गाउँपालिका पार्श्व चित्र | १००० |
| १७ | घर कायम सिफारिस (अन्य) | ३०० |

| | | |
|---|---|---|
| १८ | घर कायम सिफारिस (व्यापारिक) | १५०० |
| १९ | घर पाताल प्रमाणित | २०० |
| २० | घरबाटो प्रमाणित | ७५० |
| २१ | घरसारी सिफारिस | ७५० |
| २२ | चारकिल्ला प्रमाणित | ५०० |
| २३ | चालचलन सिफारिस | ५०० |
| २४ | चौपाया सिफारिस | ५०० |
| २५ | छात्रवृत्ति सिफारिस | २०० |
| २६ | जग्गा अंशबण्ड सिफारिस | ५०० |
| २७ | जग्गा धनी पूर्जा हराएको वा प्रतिलिपि सिफारिस (प्रतिगोटा) | ५०० |
| २८ | जग्गा नामसारी सिफारिस | ५०० |
| २९ | जग्गाको हक सिफारिस | ५०० |
| ३० | जिवित रहेको सिफारिस | २०० |
| ३१ | धारा जडान सिफारिस | ३०० |
| ३२ | नागरिकता प्रतिलिपि सिफारिस | पहिलो चोटि ५००, दोस्रो पल्ट ७५० र तेस्रो पल्ट १००० |
| ३३ | नागरिकता सिफारिस (अंगीकृत) | ७५० |
| ३४ | नागरिकता सिफारिस (बंशज) | २०० |
| ३५ | नाता प्रमाणित नेपाली | २०० |
| ३६ | नाबालक सिफारिस (अन्य) | १००० |
| ३७ | नाबालक सिफारिस (अमेरिका, क्यानाडा, अष्ट्रेलिया, जापान, मकाउ, हङकङ, सिंगापुर, इजरायल कोरिया, युरोप) | २५०० |
| ३८ | पारिवारिक लगत कार्ड दस्तुर | २५ |
| ३९ | पारिवारिक लगत कार्ड नविकरण | १५ |
| ४० | पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमती (निजी) | २५०० |
| ४१ | पेन्सन पट्टा सिफारिस (अन्य मुलुक) | २५०० |
| ४२ | पेन्सन पट्टा सिफारिस (नेपाल) | ५०० |
| ४३ | पेन्सन पट्टा सिफारिस (भारत) | १५०० |
| ४४ | प्राथमिक विद्यालय खोल्ने अनुमती (निजी) | ५००० |
| ४५ | फरक नामथर जन्म मिति प्रमाणित | ३०० |
| ४६ | बसाई सराई सिफारिस (आन्तरिक, गाउँपालिकाभित्र) | ३०० |
| ४७ | बसाई सराई सिफारिस (बाह्य) | ८०० |
| ४८ | बसोबास सिफारिस | २०० |
| ४९ | वैदेशिक भूतपूर्व सैनिक वा प्रहरी विवरण प्रमाणित वा सिफारिस (बेलायत र सिंगापुर) | ४००० |
| ५० | वैदेशिक भूतपूर्व सैनिक वा प्रहरी विवरण प्रमाणित वा सिफारिस (भारत) | २५०० |
| ५१ | वैदेशिक रोजगार प्रमाणित (अन्य मुलुक) | ७५० |
| ५२ | वैदेशिक रोजगार प्रमाणित (अमेरिका क्यानाडा अष्ट्रेलिया जापान युरोप) | ४००० |
| ५३ | वैदेशिक रोजगार प्रमाणित (मकाउ हङकङ सिंगापुर इजरायल कोरिया) | ३००० |
| ५४ | भवन नक्शा नामसारी दस्तुर | ७५० |
| ५५ | भवन नामसारी प्रति घर | ७५० |
| ५६ | भवन निर्माण अनुमती दस्तुर | ३०० |
| ५७ | भवन निर्माण नक्शा पास | ७५० |
| ५८ | भवन निर्माण सम्पन्न प्रमाण पत्र (व्यवसायिक) | ७५० |
| ५९ | भवन निर्माण स्वीकृत (आवासीय प्रयोजन) प्रति वर्ग फुट | ५ |
| ६० | भवन निर्माण स्वीकृत (व्यवसायिक प्रयोजन) प्रति वर्ग फुट | १५ |
| ६१ | मोबाइल टावर ( Ncell ठुलो ) | १५००० |
| ६२ | मोबाइल टावर (Ncell सानो) | १०००० |
| ६३ | नेपाल टेलिकम टावर (सानो) | ६००० |
| ६४ | नेपाल टेलिकम टावर (ठूलो) | १२००० |

| | | |
|---|---|---|
| ६५ | मोही लगत कट्टा सिफारिस | ७५० |
| ६६ | रुख कटान सिफारिस (उत्तीस मलातो लगायत नरम काठ) प्रति रुख | ७५ |
| ६७ | रुख कटान सिफारिस (खयर) प्रति रुख | ३०० |
| ६८ | रुख कटान सिफारिस (खोटे सल्ला) प्रति रुख | २०० |
| ६९ | कडा काठको रुख कटान सिफारिस प्रति रुख | १००० |
| ७० | विद्यालय कक्षा तहगत बृद्धि अनुमती (निजी) | ३००० |
| | विद्यालय दर्ता (कक्षा १ ५) | ३००० |
| | विद्यालय दर्ता (कक्षा ६ ८) | ५००० |
| | विद्यालय दर्ता (कक्षा ९ १०) | ७००० |
| ७१ | विद्यालय ठाउँसारी सिफारिस (निजी) | ३००० |
| ७२ | विद्यालय नामसारी सिफारिस | ३००० |
| ७३ | विद्युत जडान सिफारिस | २०० |
| ७४ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि (जरिवाना र सेवा शुल्क सहित) | २०० |
| ७५ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | ३०० |
| ७६ | जन्म मृत्यु विवाह बसाई सराई प्रमाणित २०३७ साल पहिलेको | २०० |
| ७७ | व्यक्तिगत घटना दर्ता मिति संशोधन | २०० |
| ७८ | व्यवसाय करमा दर्ता सिफारिस | ५०० |
| ७९ | व्यवसाय दर्ता शुल्क | १००० |
| ८० | व्यवसाय नभएको वा संचालन नभएको सिफारिस | २०० |
| ८१ | व्यवसाय नवीकरण शुल्क | ५०० |
| | आ.व. को आश्विन मसान्तसम्म | ५०० |
| | आ.व. को कार्तिकदेखि असार मसान्तसम्म | ७५० |
| | आ.व. समाप्त भएपछि प्रत्येक आ.व. को थप | १००० |
| ८२ | व्यवसाय बन्द सिफारिस | ५०० |
| ८३ | संरक्षक सिफारिस (व्यक्तिगत) | २०० |
| ८४ | संरक्षक सिफारिस (संस्थागत) | ३०० |
| ८५ | संस्था दर्ता सिफारिस | १००० |
| ८६ | संस्था नवीकरण | ५०० |
| ८७ | सम्पति वा आय मूल्यांकन दस्तुर | ०.२ प्रतिशत |
| ८८ | सरकारको नाममा बाटो कायम सिफारिस (व्यापरिक प्रयोजन) | १५०० |
| ८९ | स्थलगत सर्जमिन मुचुल्का दस्तुर | ७५० |
| ९० | हकदार भएको वा नभएको सिफारिस | ३०० |
| ९१ | हातहतियार नवीकरण सिफारिस | ३००० |
| ९२ | दर्तावाला लेखापरीक्षक सूचिकृतको निवेदन दर्ता | १५०० |
| ९३ | गाउँपालिका दररेट | ५०० |
| ९४ | कक्षा ५ र ८ को शैक्षिक प्रमाण पत्रको प्रतिलिपि दस्तुर | ५०० |
| ९५ | गैसस दर्ता | १००० |
| ९६ | गैसस नवीकरण | |
| | आ.व. को आश्विन मसान्तसम्म | ३०० |
| | आ.व. को कार्तिकदेखि असार मसान्तसम्म | ५०० |
| | आ.व. समाप्त भएपछि प्रत्येक आ.व.को थप | १००० |
| ९७ | समुह दर्ता इजाजत पत्र दस्तुर | १००० |
| ९८ | समुह नवीकरण | |
| | आ.व. को आश्विन मसान्तसम्म | ५०० |
| | आ.व. को कार्तिकदेखि असार मसान्तसम्म | ७५० |
| | आ.व. समाप्त भएपछि प्रत्येक आ.व. को थप | १००० |
| ९९ | खाता बन्द सिफारिस | २०० |
| १०० | व्यवसायिक संघ/संस्था सुचीकृत दस्तुर | १५०० |
| १०१ | पदपूर्तीको लागि परीक्षा दस्तुर तथा फारम शुल्क | |
| | अधिकृत स्तर | १००० |
| | रा.प.अन. प्रथम वा सो सरह | ५०० |
| | रा.प.अन. द्वितीय वा सो सरह | ४०० |

| | | |
|---|---|---|
| | श्रेणी विहीन | ३०० |
| १०२ | इजाजत पत्रको दर्ता तथा नवीकरण शुल्क | |
| | घ वर्गको निर्माण व्यवसाय इजजात दस्तुर | १५००० |
| | घ वर्गको निर्माण व्यवसाय इजजात नवीकरण दस्तुर | ७५०० |
| | घ वर्गको निर्माण व्यवसाय इजाजत नवीकरण दस्तुर थप | ४००० |
| | घ वर्गको निर्माण व्यवसाय इजजात पत्र प्रतलिपि दस्तुर | १५०० |
| | घ वर्गको निर्माण व्यवसाय ठाउँसारी | ३००० |
| | घ वर्गको निर्माण व्यवसाय नाम परिवर्तन | २५०० |
| | भवन निर्माण सम्बन्धी दस्तुरः | |
| १ | २०८०/८१ का लागि घरको नक्शा पास गर्न र अभिलेखीकरण गर्नका लागि तपशील अनुसारको शुल्क निर्धारण गर्ने | प्रति वर्ग फुट अभिलेखीकरणको लागि |
| | बाँसको बारबेरा गरी माटोको लिउन गरेको/नगरेको र प्लाष्टिक/खर /कर्कटपाताको छाना भएको | ०.२५ |
| | ईटा/ढुंगामा माटोको जोडाई गरी बाँस/काठ/सिमेन्टले बारबेरा गरी प्लाष्टिक/खर /कर्कटपाताको छाना भएको | १.५० |
| | कर्कटपाताको छाना भएको काठको घर | २.०० |
| | ईटा, ढुंगासंग सिमेन्ट जोडाई भई कर्कटपाताको छाना भएको | ३.०० |
| | आर.सि.सि., सिमेन्ट प्लाष्टर गरी कर्कटपाताको छानो वा ढलान गरिएको | ३.५० |
| | आर. सि. सि. घर | ४.०० |
| | कम्पाउण्ड वाल | ३.०० |
| २ | घर नक्सा पास प्रमाण पत्रको प्रतिलिपि | ५०० |
| | पुनश्चः | |
| | गाउँपालिकाको स्वीकृति नलिई घर तथा संरचना निर्माण गर्नेलाई मापदण्ड भित्र रहेछ भने व्यापारिक क्षेत्रको भए प्रति वर्ग फुट रु. ४ र अन्य क्षेत्र भए रु. ३ थप जरिवाना लिई प्रकृया अगाडि बढाउने । | |
| | तोकिएको अवधिभित्र अभिलेखीकरण गर्न नआएमा माथि उल्लेखित अभिलेखीकरणको दरमा रु. २ थप जरिवाना लिने । | |
| | नक्सापास गर्ने प्रयोजनका लागि बुँदा नं. १ को आवेदन दस्तुर रु.२५ र अन्यको हकमा रु. १०० लाग्ने । | |
| | अभिलेखीकरण गर्ने प्रयोजनका लागि आवेदन दस्तुर रु. ५० लाग्नेछ । | |

अनुसूची ८ प्राकृतिक श्रोत संकलन तथा बिक्री शुल्क

| प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क |
|---|
| प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्कको दर कोशी प्रदेश सरकारको आर्थिक ऐन बमोजिम हुनेछ । |

अनुसूची ९ निकासी करको प्रस्तावित दररेटः

| सि. नं. | विवरण | इकाइ | ०८१।८२ को दर |
|---|---|---|---|
| | नगदे बाली | | |
| १ | अलैंची | प्रति बोरा | ३०० |
| २ | जडीबुटी | प्रति मन | १०० |
| ३ | चिया तथा कफी सुकेको | प्रति मन | २०० |
| ४ | चिया तथा कफी हरियो | प्रति मन | १०० |
| ५ | अम्लिसो कुचो | प्रति मन | ५० |
| ६ | अदुवा | प्रति मन | ३० |
| ७ | कोदो मकै | प्रति मन | २० |

| सि. नं. | विवरण | इकाइ | ०८१।८२ को दर |
|---|---|---|---|
| ८ | दालचिनि | प्रति मन | २०० |
| ९ | अन्य | प्रति मन | ५० |
| | वन पैदावार | | |
| १ | दाउरा | प्रति ट्रक | १००० |
| २ | दाउरा | प्रति ट्र्याक्टर | ५०० |
| ३ | कडा काठ गोलिया सखुवा | प्रति ट्रक | ५००० |
| ४ | कडा काठ गोलिया सखुवा | प्रति ट्र्याक्टर | २५०० |
| ५ | गोलिया अन्य | प्रति ट्रक | १८०० |
| ६ | गोलिया अन्य | प्रति ट्र्याक्टर | ९०० |
| ७ | डोको मान्द्रो डालो | प्रति गोटा | ५ |
| ८ | चित्रा भकारी | प्रति गोटा | १० |
| ९ | बाँस | प्रति गोटा | ५ |
| १० | काठको दराज | प्रति गोटा | १०० |
| ११ | काठको अन्य सामान | प्रति गोटा | ५० |
| | तेलहन दलहन | | |
| १ | तोरी आलस | प्रति मन | २५ |
| २ | घ्यू तेल | प्रति केजी | ५ |
| ३ | दाल भटमास | प्रति मन | १०० |
| ४ | छुर्पी | प्रति केजी | ७ |
| | तरकारी सागसब्जी | | |
| १ | आलु फर्सी काँक्रा स्कुस मुला | प्रति मन | २० |
| २ | रायो साग स्कुस मुन्टा निगुरो | प्रति मन | ५ |
| ३ | सिमी बोडी बेसार | प्रति मन | १० |
| ४ | अन्य तरकारी | प्रति मन | १० |
| ५ | खोर्सानी अकबरे | प्रति मन | १०० |
| ६ | तरुलजन्य वस्तु | प्रति मन | ५० |
| ७ | टमाटर | प्रति मन | २० |
| | फलफुल | | |
| १ | जुनार सुन्तला कागती | प्रति मन | २५ |
| २ | नास्पाती आल्चा मेल | प्रति मन | १५ |
| ३ | केरा | प्रति घरी | १० |
| ४ | किवी एभोकार्डो | प्रति मन | १०० |
| | पशुपंक्षी | | |
| १ | गाई गोरु | प्रति गोटा | १०० |
| २ | भैंसी राँगा घोडा | प्रति गोटा | १५० |
| ३ | सुंगुर बंगुर बाख्रा खसी बोका | प्रति गोटा | ३० |
| ४ | बाच्छा बाच्छी पाडा पाडी | प्रति गोटा | १५ |
| ५ | सुंगुर बाख्रा पाठा पाठी | प्रति गोटा | १५ |
| ६ | हाँस कुखुरा अन्य पंक्षी | प्रति गोटा | १० |
| | अन्य | | |
| १ | कवाडी सामान | प्रति ट्रक | ३००० |
| | कवाडी सामान | प्रति ट्याक्टर | २००० |
| | कवाडी सामान | प्रति पिक अप | १५०० |
| | शिशाको बोतल | | निशुल्क |
| २ | दाना रुद्राक्ष मूल्यवान बाहेक | प्रति केजी | ५० |
| ३ | कटुस | प्रति मन | ५० |
| ४ | पांग्रा रिठ्ठा | प्रति मन | ५० |
| ५ | ईन्द्रणी बियाँ | प्रति मन | ५० |

अनुसूची १० सम्पति करः

| क्र. सं. | सम्पतिको विवरण | ०८१।८२ को दर |
|---|---|---|
| १ | फुस वा टिनको छाना भएको एक तले घर | ५० |
| २ | काठ/इटा/बाँसको जोडाई भई टिनको छाना भएको दुई तले घर | १०० |
| ३ | आर.सि.सि. एकतले घर | १५० |
| ३ | आर.सि.सि. दुई वा बढी तला भएको घर | २०० |

अनुसूची ११ घरधुरी शुल्कः

| क्र. सं. | सम्पतिको विवरण | ०८१।८२ को वार्षिक दर |
|---|---|---|
| १ | फुस वा टिनको छाना भएको एक तले घर | ५० |
| २ | काठ/इटा/बांसको जोडाई भई टिनको छाना भएको दुई तले घर | १०० |
| २ | आर. सि. सि. एकतले घर | १५० |
| ३ | आर. सि. सि. दुई वा बढी तला भएको घर | २०० |

**अनुसूची १२ विविध**

| **क्र. सं.** | **सम्पतिको विवरण** | **०८१।८२ को वार्षिक दर** |
|---|---|---|
| १ | जग्गा नापजाँच दस्तुर | प्रतिकित्ता रु.३००० र थप कित्ता भए प्रति थप कित्ता १००० |
| २ | सिंचाइ कुलो मुहान दर्ता (व्यक्तिगत र सामूहिक दुबै) | ३००० र सो नवीकरण १५०० |
| २ | पाइपमार्फत सिंचाइको मुहान दर्ता (व्यक्तिगत र सामूहिक दुबै) | २००० र सो नवीकरण१००० |
| ३ | आर. सि. सि. दुई वा बढी तला भएको घर | २०० |

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम माङसेबुङ गाउँपालिका, गाउँसभाको १५ औं अधिवेशनबाट पारित भएको व्यहोरा माङसेबुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ (१) ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।*

हेमन्त राई
(अध्यक्ष)
माङसेबुङ गाउँपालिका
इलाम

अनुसूची - ३

माङसेबुङ गाउँपालिका, गाउँसभाको १५ औं अधिवेशनमा २०८१ असार १० गते
गाउँपालिका उपाध्यक्ष तथा बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री विनोद कुमार नेम्बाङले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/०८२ को बजेट वक्तव्य

माङसेबुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
इभाङ, इलाम

गाउँ सभाका आदरणीय अध्यक्ष ज्यू,
गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

१. गाउँसभाको यस बैठकमा आगामी आर्थिक वर्ष २०८१।०८२ को अनुमानित आय तथा प्रस्तावित व्ययको विवरण पेश गर्नुपूर्व मुलुकको सकारात्मक परिवर्तनका लागि २००७ साल अघिदेखि वर्तमानसम्मका विभिन्न जन आन्दोलन, आदिवासी जनजाति आन्दोलन, मधेशी, थारु, शिल्पी, दलित लगायतका आन्दोलनहरुमा जीवन बलिदान गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाइते र बेपत्ता नागरिकहरुप्रति उच्च सम्मान र परिवार प्रति गहिरो सहानुभूति प्रकट गर्दछु।

२. माङसेबुङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को आय व्ययको पूर्वशर्त तथा मार्गदर्शनको रुपमा रहेको वार्षिक नीति तथा कार्यक्रम यस सभाको बैठकमा प्रस्तुत भई पारित भई सकेको छ। यसका निम्ति म यस सम्मानित सभाप्रति आभार प्रकट गर्दछु।

३. संघीय लोकतान्त्रिक गणतन्त्रले हामीलाई विकास, समृद्धि, सामाजिक न्यायका लागि अघि बढ्ने आधार दिएको छ। स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भई स्थानीय शासन र विकास प्रकृयामा प्रत्येक नागरिक आफैं संलग्न हुने सुदृढ वातावरण बनेको छ। यो समयलाई आर्थिक, सामाजिक रुपान्तरणको रुपमा उपयोग गरी जनचाहना पूरा गर्ने दायित्व र अवसर दुबै हामी जननिर्वाचित प्रतिनिधिहरुको हो।

४. इतिहासमा जनताले आफ्नै घरदैलोमा आफैंले बनाएको अधिकार सम्पन्न सरकार पाएका छन्। यस अघि केन्द्रमा मात्र निहित रहेका अधिकारहरुलाई संविधानद्वारा नै स्थानीय तहलाई प्रदान गरे अनुरुप निर्वाचित दोस्रो स्थानीय सरकारले आफ्नो काम शुरु गरेको छ। आज त्यही स्थानीय सरकारको तर्फबाट माङसेबुङ गाउँपालिकाको वार्षिक आय व्यय प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित भएको छु।

गाउँ सभाका अध्यक्ष महोदय,
गाउँ सभाका सदस्य ज्यूहरु,

अब म आ. व. २०७९/०८० को वास्तविक आम्दानी तथा खर्चको यथार्थ खाका प्रस्तुत गर्न चाहन्छु।

५. आ. व. २०७९/०८० मा संघीय समानीकरण अनुदान बापत रु. ९ करोड ९१ लाख, संघीय राजस्व बाँडफाँडबाट रु. ८ करोड २० लाख ९२ हजार, प्रदेश समानीकरण अनुदान बापत रु. ५२ लाख ८ हजार, प्रदेश राजस्व बाँडफाँडबाट रु. ४६ लाख ६० हजार ६८०, संघीय सशर्त अनुदान बापत रु. २२ करोड १५ लाख ८५ हजार, प्रदेश सशर्त अनुदान बापत रु २ करोड २३ लाख १५ हजार, संघीय समपूरक अनुदान बापत रु ७० लाख र प्रदेश समपूरक अनुदान बापत रु १ करोड र गाउँपालिकाको अनुमानित आन्तरिक आम्दानी रु. ५० लाख गरी जम्मा रु. ४५ करोड ६९ लाख ६० हजार ६८० प्राप्त हुने अनुमान गरिएको थियो।

६. उक्त अनुमानमध्ये गत आर्थिक वर्षमा संघीय समानीकरण अनुदानबापत रु. ९ करोड १६ लाख ६७ हजार ५००, संघीय राजस्व बाँडफाँडबाट रु. ६ करोड ५४ लाख ९२ हजार १२५, प्रदेश समानीकरण अनुदान बापत रु. ४५ लाख ५७ हजार, प्रदेश राजस्व बाँडफाँडबाट रु. ४६ लाख ६० हजार ६८०, संघीय सशर्त अनुदान बापत रु. २२ करोड ७ लाख १९ हजार, प्रदेश सशर्त अनुदान बापत रु २ करोड २१ लाख ९२ हजार, संघीय समपूरक अनुदान बापत रु ७० लाख र प्रदेश समपूरक अनुदान बापत रु १ करोड र गाउँपालिकाको वास्तविक आन्तरिक आम्दानी रु. ६२ लाख ३ हजार ८७५ गरी कुल जम्मा रु. ४३ करोड २४ लाख ९२ हजार १८० प्राप्त भयो।

७. सो प्राप्त रकममध्ये चालूतर्फ ७४.८७ प्रतिशत र पूँजीगततर्फ ८१.१२ प्रतिशत अर्थात् समग्रमा ७७.९९ प्रतिशत खर्च भयो।

गाउँ सभाका अध्यक्ष महोदय,
गाउँ सभाका सदस्य ज्यूहरु,

गाउँपालिकाको सीमित श्रोत साधन र जनताका असीमित माग तथा आवश्यकताबीचको खाडल फराकिलो रहेकोले प्राथमिकताका आधारमा ती मागहरुलाई क्रमश सम्बोधन गर्दै जाने कुरामा म अग्रीम रुपमा प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। अब म चालू आर्थिक वर्ष २०८०।०८१ को वार्षिक कार्यक्रम तथा बजेटको संशोधित अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

८. चालु आर्थिक वर्षमा संघीय समानीकरण अनुदान बापत रु. ८ करोड ७० लाख, संघीय राजस्व बाँडफाँडबाट रु. ८ करोड ४ लाख ३८ हजार ७००, प्रदेश समानीकरण अनुदान बापत रु. ५२ लाख १८ हजार, प्रदेश राजस्व बाँडफाँडबाट रु. ४७ लाख ६७ हजार, संघीय सशर्त अनुदान बापत रु. १९ करोड ५२ लाख, प्रदेश सशर्त अनुदान बापत रु १ करोड ८४ लाख ५२ हजार, संघीय समपूरक अनुदान बापत रु

५० लाख र प्रदेश समपूरक अनुदान बापत रु १ करोड, संघीय विशेष अनुदानबापत रु २ करोड गरी जम्मा रु ४२ करोड ६० लाख ७५ हजार ७०० अनुमान गरिएको थियो। साथै गाउँपालिकाको अनुमानित आन्तरिक आम्दानी रु. ६१ लाख र बैंक मौज्दात रु २ करोड ७७ लाख गरी कुल जम्मा रु. ४५ करोड ९८ लाख ७५ हजार ७०० प्राप्त हुने अनुमान गरिएको थियो।

९. उक्त अनुमानमध्ये चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म संघीय समानीकरण अनुदानबापत रु. ८ करोड ४० हजार, संघीय राजस्व बाँडफाँडबाट रु. ५ करोड ९७ लाख ९७ हजार ६९९, प्रदेश समानीकरण अनुदान बापत रु. ५२ लाख १८ हजार, प्रदेश राजस्व बाँडफाँडबाट रु. ४५ लाख ८ हजार ४९, संघीय सशर्त अनुदान बापत रु. १८ करोड ६४ लाख ८८ हजार ८००, प्रदेश सशर्त अनुदान बापत रु १ करोड ८४ लाख ५२ हजार, संघीय समपूरक अनुदान बापत रु ५० लाख र प्रदेश समपूरक अनुदान बापत रु ६४ लाख ३५ हजार गरी जम्मा ३६ करोड ५९ लाख ३९ हजार ५४८ छ। साथै गाउँपालिकाको आन्तरिक आम्दानी रु. ४० लाख गरी कुल जम्मा रु. ३६ करोड ९९ लाख ३९ हजार ५४८ प्राप्त भएको छ।

१०. चालु आर्थिक वर्षको चालू तर्फ ७५ प्रतिशत र पूँजीगत ८१ प्रतिशत गरी जम्मा ७८ प्रतिशत खर्च हुने अनुमान छ।

गाउँ सभाका अध्यक्ष महोदय,
गाउँ सभाका सदस्यज्यूहरु,

११. अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्न अनुमति चाहन्छु। प्रस्तुत बजेटका उदेश्यहरु निम्नानुसार रहेका छन्:

(क) दीगो, समावेशी र उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने।
(ख) गाउँपालिकाको समग्र विकासमा नयाँ सम्भावना र अवसरका क्षेत्रहरु पहिचान गरी समृद्धि हासिल गर्ने।
(ग) साना सिंचाइ आयोजनाहरुलाई कार्यान्वयन गरी कृषिको उत्पादकत्व वृद्धि गर्ने।
(घ) विकास निर्माण र आर्थिक क्रियाकलापलाई तीब्रता दिदै उपलब्ध स्रोत र साधनलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्दै गरिबी न्यूनीकरण गर्ने।
(ङ) गुणस्तरीय शिक्षा प्रदान गर्ने।
(च) स्वास्थ्य सेवालाई सर्वसुलभ बनाई सर्वसाधारण नागरिकको पहुँच वृद्धि गर्ने।
(छ) गाउँपालिकाबाट प्रवाह गर्ने सेवामा आम नागरिकको पहुँच वृद्धि गर्ने।
(ज) योजनाबद्ध रुपमा द्रुत गतिमा पूर्वाधारको विकास गर्ने।
(झ) सबै प्रकारका विकासमा दीगोपन कायम गर्ने।
(ञ) आम नागरिकको आर्थिक, सामाजिक अवस्थालाई सुधार गर्ने।
(ट) आर्थिक तथा सामाजिक पूर्वाधारको विकास गरी समृद्ध गाउँपालिकाको आधार तयार गर्ने।

१२. बजेटका प्राथमिकता निम्नानुसार रहेका छन्:

(क) कृषिको आधुनिकीकरण र व्यवसायीकरण,
(ख) दीगो संरचनाको निर्माण,
(ग) उत्पादन र उत्पादकत्वमा वृद्धि,
(घ) सामाजिक, आर्थिक विकास मार्फत जीवनस्तरमा वृद्धि,
(ङ) सडक, कुलो, खानेपानी, विद्युतीय पूर्वाधार निर्माण र स्तरोन्नती,
(च) सार्वजनिक प्रशासन र सेवा प्रवाहमा सुधार तथा सुशासनमा जोड,
(छ) शैक्षिक गुणस्तरमा सुधार,
(ज) रोजगारीका अवसरमा वृद्धि,
